"समृद्ध छेडागाड, हाम्रो भविष्य"

# १८औं नगरसभाको
# नवौं बजेट अधिवेशनबाट पारित

## आ.व. २०८२/०८३ को नीति, बजेट तथा कार्यक्रम

छेडागाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

२०८२

## प्रकाशन समिति

| | |
|---|---|
| **प्रकाशन मिति** | : २०८२, श्रावण |
| **संरक्षक/सल्लाहकार** | |
| रत्नबहादुर खड्का | : नगर प्रमुख |
| चन्द्रबहादुर थापा | : नगर उप-प्रमुख |
| **सम्पादन मण्डल** | |
| हेमकुमार ढकाल | : प्रमुख प्रशासकिय अधिकृत |
| गंगबहादुर रोकाय | : शाखा अधिकृत |
| **प्रकाशक** | : छेडागाड नगरपालिका<br>**नगर कार्यपालिकाको कार्यालय**<br>कार्कीगाउँ, जाजरकोट |
| **फोन नं.** | : 9848384084 |
| **E-mail** | : info@chhedagadmun.gov.np<br>chhedagadmun@gmail.com |
| **Website** | : www.chhedagadmun.gov.np |

**मुद्रण** : भवानी छापाखाना (डिजिटल कलर प्रिन्टर्स)
वीरेन्द्रनगर, सुर्खेत (फोन नं. ०८३-५२१६१५)
**E-mail**: pressbhawani@gmail.com

छेडागाड नगरपालिका

फोन नं.: ९८४८३८४०८४

# नगर कार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट

कर्णाली प्रदेश, नेपाल



## दुई शब्द

नेपालमा संघीयता कार्यान्वयन गर्न नेपालको संविधान २०७२ जारी पछि दोस्रो स्थानीय तहको निर्वाचनबाट मेरो नेतृत्वयमा यस छेडागाड नगरपालिका जाजरकोटको हाम्रो कार्यकालको तेस्रो आर्थिक वर्ष २०८२।०८३ को कुल बजेट ७३ करोड ६७ लाख ३१ हजार ७७३ रुपैयाँको छेडागाड नगरबासीहरुमाझ रेड बुक मार्फत बजेट जानकारी गर्न गइरहेका छौं। छेडागाड नगरबासीहरुसँग निर्वाचनका समयमा र त्यस अघि व्यक्त गरेका अनि तपाईहरुबाट माग भए अनुरुपका नीति, कार्यक्रम, योजना र बजेट कार्यान्वयनमा अघि बढ्न पाउँदा आफुलाई भाग्यमानी ठान्दछु, किनकि जन्म थलोमा यहाँका आमाबुबा दाजुभाइ दिदिबहिनीहरुलाई जनप्रतिनिधिको रूपमा केहि गाउँ छिमेक, टोल विकास गर्ने र जिल्लामै छेडागाडको विकास र समृद्धि गर्नेतर्फ मेरो ईमान्दार प्रयास रहनेछ। यसको कार्यान्वयनमा सक्षमता अनि आर्थिक पक्षमा नियमितता मितव्ययिता औचित्यता प्रभावकारीता जस्ता आर्थिक शुसासनका पक्षहरु समेट्न मेरो अथक प्रयास रहन्छ।

राज्यले दिगो विकासका लक्ष्यको अनुसरण गरी नेपालको संविधान अनि आवधिक योजनामा अपेक्षा प्राथमिकताको कार्यान्वयन देश माटो सुहाउँदो गरी कार्यान्वयनको जरुरी पर्दछ। तपाईहरुलाई थाहै छ मेरो यस सेवा प्रवाहमा कुनै पनि लोभलालच रहेको छैन र निस्चितरुपमा भोलिको दिनमा हुने पनि छैन। मात्र मेरो सोँच र सपना भनेको कसरी समृद्ध नगर र सुखि नगरबासी बनाउने भन्ने एकमात्र ध्येय सदैव रहनेछ।

यस सुखी र समृद्ध छेडागाड नगर बनाउने कुरामा तपाई सबै नगरवासीहरुको, सम्पूर्ण राजनितिक दलहरुको अनि हाम्रो नगर सभा एवं नगर कार्यपालिकाका सदस्यहरुका साथै युवा महिला लक्षित वर्गहरु नागरिक समाज अनि ज्येष्ठ नागरिकहरु सम्पूर्ण महानुभावहरुको साथ पृष्ठपोषण सहयोग साथ समर्थन सहकार्यको अपेक्षामा छु। साथै कर्णाली प्रदेश सरकार र संघ सरकारको सहयोग पनि त्यतिकै महत्वपूर्ण भइ रहेको हुनाले तपाई सम्पूर्ण महानुभावहरुमा यस बजेटको सफल कार्यान्वयनमा हस्तेमा हैसे गरिदिन हुन सादर अनुरोध गर्दछु।

धन्यबाद !

.........................

रत्नबहादुर खड्का

नगर प्रमुख

# छेडागाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कार्कीगाउँ, जाजरकोट
### कर्णाली प्रदेश, नेपाल

फोन नं.: ९८४८३८४०८४




# दुई शब्द

छेडागाड नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रमको एकीकृत दस्तावेज सहितको वार्षिक योजना पुस्तिका प्रकाशन हुन लागेको खबरले मलाई खुसी अनुभूति भएको छ । छेडागाड नगरपालिका भौगोलिक रुपले जाजरकोट जिल्लाको बारेकोट गाँउपालिका, नलगाड नगरपालिका र जुनिचाँदे गाउँपालिका पछिको चौथो ठूलो स्थानीय तह हो भने भौगोलिक रुपमा छरिएका बस्तीहरुलाई गुणस्तरीय यातायातको सञ्जालमा जोड्नु शिक्षा, स्वास्थ्य र सञ्चार सुविधाको सहज र स्तरीय पहुँचमा पुऱ्याउनु आजको अहम चुनौति रहेको महसुस गरेको छु । यी र यस्ता चुनौतीहरुलाई चिरफार गरी अवसरको रुपमा रुपान्तरण गर्नको लागि केन्द्रिय सरकारको अनुदानले मात्र संभव छैन, हामीले नगरपालिका भित्र आन्तरिक राजश्व बढाउने श्रोतको खोजी गरी त्यसको परिचालन गर्नु पर्ने एकातिर आवश्यक छ । भने अर्कोतिर नगरपालिका भित्र रहेको प्राकृतिक श्रोतलाई जनजिविकाको सवालसंग आवद्ध गरेर पहिचान र उत्खन्न गरी आर्थिक उपार्जन मार्फत गरिबी निवारणको सवाल संवोधन गर्नु पनि उत्तिकै कठिन चुनौति पूर्ण छ असम्भव भने पक्कै पनि छैन । स्थानीय सरकार संचालनको लागि आवश्यक केही आभारभूत ऐन नियम तथा कार्यविधि र निर्देशिकाहरु निर्काण भएर त्यसको कार्यान्वयन समेत भैरहेको र केही नियम कानुनहरु संघीय र प्रादेहिक कानुनको अभावमा निर्माण गर्नको लागि अन्यौलता रहेको छ । पहिलेको स्थानिय सरकारले सुरुवात गरेका केही राम्रा कार्यक्रमहरुलाई निर्न्तरता दिने र यस सरकारले जनतामाझमा गरेका राजनितिक वाचा र प्रतिवद्धता पूरा गर्नको लागि हामीले बस्ती तथा वडास्तर देखि विभिन्न समितिमार्फत नगरसभासम्मका चरणहरु पार गरी जनसहभागिता सामाजिक समावेशिकरण र सामाजिक न्यायको सिद्धान्तको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी यो पुस्तिका प्रकाशनको संघारमा छौं।

आ.व. २०८२/०८३ को वार्षिक विकास तथा कार्यक्रम तर्जुम गर्दा नगरपालिकाको प्रशासनिक भवन, शिक्षा, स्वास्थ्य, सामाजिक, आर्थिक विकास, पूर्वाधार निर्माण तथा संस्थागत सुशासन जस्ता विषयहरु प्राथमिकताको रुपमा रहेका छन् । असीमित जनआकांक्षा र जनचाहान सम्बोधन गर्न सीमित श्रोत साधनको मितव्ययी प्रभावकारी र नतिजामूलक उपयोग गरी नगरपालिकाको समृद्धिको लागि पहिचान भएका आवश्यकतामा बजेट विनियोजन गरेका छौं। साथै विगतका सरकारले सुरुवात गरेका किसानसँग मेयर महिला तथा बालबालिकासँग उपमेयर कार्यक्रमलाई निरन्तरता दिंदै विगतका अँधुरा तथा क्रमागत योजनाहरुमा रहेको श्रोत अभावको अन्यौलता हटाउँदै गुणस्तर सहितको योजना सम्पन्न सुनिश्चिता कायम गर्न खोजिएको छ । कुनै पनि योजना तथा कार्यक्रम तर्जुमा गर्नु सैद्धान्तिक र गौण कुरा हो जसको सार्थकताको लागि उद्देश्यमूलक सफल कार्यान्वयन पहिलो शर्त हो । सार्वजनिक निकायमा भए गरेका हरेका काम कुराको जानकारी पाउने सर्वसाधारण नागरिकको हक रहन्छ र यसको कार्यान्वयन गर्नु सार्वजनिक नियकायको पनि दायित्व रहन्छ । यसर्थ पारदर्शिता प्रवर्द्धन गर्दै संस्थागत सुशासन कायम गर्न पनि यो पुस्तिका प्रकाशन गर्न लागिएको हो ।

आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रम प्रकाशन हुँदै गर्दा भुकम्प र प्राकृतिक विपत्तिबाट आहात भएका छेडागाड बासी दाजुभाइ तथा दिदीबहिनीहरुलाई थप सजगता अपनाउँदै यस्ता महाविपत्ति तथा प्राकृतिक विपत्तिबाट हुने धनजनको क्षति कम गर्न आह्वान गर्दै यस आ.व.मा नगरसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि आवश्यक रचनात्मक सल्लाह सुझाव प्रदान गरी सहयोग गरीदिन हुन आम छेडागाडवासी दाजुभाइ, दिदीबहिनी, सरोकारवाला, पत्रकार, सञ्चारकर्मी, सुरक्षाकर्मी, नागरिक समाज सबैमा हार्दिक अनुरोध गर्न चाहन्छु । साथै यो दस्तावेज निर्माणमा सक्रियतापूर्वक खट्ने कर्मचारी तथा जनप्रतिनिधिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै म आफू पनि स्वीकृति वार्षिक विकास कार्यक्रमको उद्देश्यमूलक कार्यान्वयनमा इमानदार भएर लाग्ने प्रतिवद्धता समेत गर्दछु ।

धन्यवाद !

.............................
**चन्द्रबहादुर थापा**
नगर उप-प्रमुख

फोन नं.: ९८४८३८४०८४

# छेडागाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कार्कीगाउँ, जाजरकोट
### कर्णाली प्रदेश, नेपाल



# शुभकामना

यस छेडागाड नगरपालिका जाजरकोटको आर्थिक वर्ष २०८२/०८३ को कुल बजेट ७३ करोड ६७ लाख ३१ हजार ७७३ रुपैयाँको छेडागाड नगरबासीहरुमाँझ रेड बुक मार्फत जानकारी गर्न पाउँदा हर्षित छुँ। कुनै पनि सेवा प्रवाह र राज्यको नीति कार्यक्रम राष्ट्रिय अनि अन्तर्राष्ट्रिय परिवेश र माग अनुरुप कार्यान्वयन गरी नागरिक समक्ष बोलिएका प्रतिबद्धता अनुरुप कार्यान्वयन गर्न यसको कार्यान्वयनमा सक्षमता अनि आर्थिक पक्षमा नियमितता मितव्ययिता औचित्यता प्रभावकारिता जस्ता आर्थिक सुशासनका पक्षहरु समेट्नु अपरिहार्य हुन्छ। राज्यले दिगो विकासका लक्ष्यको अनुसरण गरी नेपालको संविधान अनि आवधिक योजनामा अपेक्षा प्राथमिकताको कार्यान्वयन देश माटो सुहाउँदो गरी कार्यान्वयनको जरुरी पर्दछ।

चालु आर्थिक वर्षको बजेटको कुल आकार मध्ये संघ र प्रदेश सरकारबाटै तोकिएअनुरुप गरिनुपर्ने : सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र समानिकरण अनुदान रकम बाहेक हामीले सीमित स्रोतका बाबजुत कार्यान्वयनमा लानुपर्ने राजस्व वापत प्राप्त बजेटबाटै जनप्रतिनिधिहरुको सेवासुविधा हामी निजामति कर्मचारीहरुको सेवा सुविधा अनि नगर शिक्षकहरुको सुविधा र नगर भित्रका करार कर्मचारीहरुको सेवासुविधा अटाउनुपर्ने बाध्यताले रकम अभाव भइ सबै कर्मचारी सबै शिक्षक र अन्य खर्चहरु समयमै भुक्तानी गर्न जटिलता यस पटक पनि हुने नै देखिन्छ। तथापि हाम्रो तर्फबाट पूर्ण ईमान्दारिता कर्तव्यनिष्ठता अनि पदीय दायित्व निर्वाह गर्नेमा तटस्थता र प्रतिबद्धता राख्ने छौँ। कार्यालयबाट सेवा प्रवाहमा मितव्ययिता र पारदर्शिता कायम गरी फजुल खर्चमा अत्यन्तै नियन्त्रण र नियमन गरिनेछ। जस्तै योजना सम्झौतादेखि कार्यान्वयनमा सरल र सहज विधि अपनाइनेछ, उत्कृष्ट खरिद विधि टेन्डर प्रक्रियाद्वारा खाजा नास्ता सेवा खरिद स्टेशनरी सूचना प्रविधिका सामानहरुका साथै मेशिनरी यन्त्रहरुको सेवा लिइनेछ।

राज्यको अनि नगरवासीहरुको अपेक्षामा तिब्रताका साथ अपेक्षित लक्ष्य पुरा गर्न सम्पूर्ण राजनीतिक दलहरु नगर सभा अनि नगर कार्यपालिकाका सदस्यहरु युवा महिला लक्षित वर्गहरु नागरिक समाज अनि ज्येष्ठ नागरिकहरु सम्पूर्ण महानुभावहरुको साथ पृष्ठपोषण सहयोग समर्थन सहकार्य अपरिहार्य हुनुका साथै कर्णाली प्रदेश सरकार र संघ सरकारको सहयोग पनि त्यतिकै महत्त्वपूर्ण रहने हुनाले तपाई सम्पूर्ण महानुभावहरुमा यस बजेटको सफल कार्यान्वयनमा हस्तेमा हैसे गरिदिन हुन सादर अनुरोध गर्दछु।

धन्यवाद !

..............................

**हेम कुमार ढकाल**

प्रमुख प्रशासकीय अधिकृत

# यस पुस्तकभित्र


| सि.नं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम | १ |
| २. | सिद्धान्त र प्राथमिकता | २२ |
| ३. | बजेट बक्तव्य | २७ |
| ४. | राजश्व बाँडफाँड | ४५ |
| ५. | कार्यक्रम एवम् परियोजनाअनुसार बजेट विनियोजन | ४७ |
| ६. | नीतिगत निर्णयहरु | ९४ |
| ७. | विनियोजन ऐन, २०८२ | १११ |
| ८. | आर्थिक ऐन, २०८२ | ११४ |

## छेडागाड नगरपालिका १८औं नगरसभा (नवौं बजेट अधिवेशन) को बैठकमा नगर प्रमुख श्री रत्नबहादुर खड्काज्यूद्धारा प्रस्तुत

आर्थिक वर्ष २०८२/०८३ को

## वार्षिक नीति तथा कार्यक्रम

**नवौं बजेट अधिवेशन तथा अठारौं नगर सभाका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अन्य अतिथिज्यूहरु, सभाका उपाध्यक्षज्यू, नगरसभाको उद्घाटन सत्रका सम्पूर्ण सदस्यज्यूहरु,**

यस छेडागाड नगरपालिकाको अठारौं नगरसभाको उद्घाटन सत्रमा आमन्त्रित सम्पूर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, जिल्ला तथा स्थानीय स्तरका सञ्चारकर्मी एवम् पत्रकारज्यूहरु, नागरिक समाजका प्रतिनिधि, तथा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरु, बिभिन्न क्षेत्रमा कार्यरत समाजसेवी, बुद्धिजीवि, शिक्षक, पत्रकार, उद्योगी, व्यापारी, ज्येष्ठ नागरिक, नागरिक समाज, युवा, बालबालिका, दलित तथा अल्पसंख्यक, एकल महिला, शहीद परिवारका सदस्यहरु, फरक क्षमता भएका व्यक्तित्वहरु, कर्मचारी, सुरक्षाकर्मी एवम् यस बजेट अधिवेशनमा उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरु,

**सभाका प्रमुख अतिथि, विशेष अतिथि, सभा उपाध्यक्ष तथा सभा सदस्यज्यूहरु,**

छेडागाड नगरपालिका घोषणा भएको नवौं वर्ष हुँदै गर्दा यस गरिमामय सभामा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाइ अत्यन्त खुशी लागेको छ। यस अवसरमा नेपालको राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संर्घष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै आफ्नो प्राणको आहुती दिनु हुने ज्ञात अज्ञात महान शहीदहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । वेपत्ता नागरिकहरुलाई विशेष स्मरण गर्दछु । साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै अपांगता भएका सम्पूर्ण महानुभावहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । यस छेडागाड नगरपालिकाको कामकार्वाहीलाई जनमुखी तथा प्रभावकारी बनाउनको लागि रचनात्मक सहयोग र सुझाव प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

दिगो शान्ती, सुशासन, विकास र समृद्धिको संवैधानिक मार्गदर्शन, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय सोंच, समृद्ध कर्णाली; सुखारी कर्णालीबासीको दिर्घकालीन परिकल्पना र छेडागाड नगरपालिकाको समृद्ध छेडागाड; हाम्रो भविष्य भन्ने दिर्घकालीन सोंच पुरा गर्न छेडागाड नगरपालिका प्रतिवद्ध छ । यसका लागि छेडागाड नगरपालिकाको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउँदै लगिएको छ ।समयानुकूलका कानूनहरु निर्माण तथा संशोधन हुँदै आएका छन्। हालसम्म यस छेडागाड नगरपालिले गरेका कार्यहरु र भएका प्रयासहरु पर्याप्त भने छैनन्। अझैपनि सम्पूर्ण सरोकारवाला निकायहरुले आ-आफ्नो तर्फबाट लाग्नुपर्ने देखिन्छ । २०८० साल कार्तिक १७ गतेको विनाशकारी

भुकम्पबाट प्रभावित घरपरिवारहरुलाई अस्थायी आवास निर्माण गरी लाभग्राहीको दोश्रो किस्ता भुक्तानी अन्तिरम चरणमा पुगेको छ भने विपत प्रभावित नीजि आवास प्रवलीकरण तथा पुनर्निर्माणको कार्यमा पूर्व क्षतीको लेखाजोखा (DDA) गरी सो को संरचनात्मक प्रमाणीकरण, रिपोर्ट प्राधिकरणबाट प्राप्त भई पुनर्निर्माणका लागि कार्य आरम्भ गरिएको छ । पुनर्निर्माण सम्बन्धी भएको ढिलाई बारे सम्बन्धित निकाय र पक्षसँग गम्भिर छलफल तथा आवश्यक समन्वय गरि उक्त कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाईनेछ ।

**सभाका सदस्यज्यूहरु,**

१. छेडागाड नगरपालिकाको सामाजिक न्याय सहितको विकास र समृद्धिका लागि नेपालको संविधान, नेपाल सरकारको सोह्रौ आवधिक योजना, कर्णाली प्रदेश सरकारको दोश्रो आवधिक योजनाको अवधारणापत्र, नेपाल सरकारको आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम, प्रदेश सरकारको आगामी आ.व. को वार्षिक नीति तथा कार्यक्रम र यस नगरपालिकाका विगतका नीति तथा कार्यक्रमहरुलाई मार्गदर्शनको रुपमा लिई आगामी आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रस्तुत गरिएको छ ।

२. आर्थिक समृद्धि, सामाजिक न्याय, गरिवी निवारण, रोजगारी सिर्जना र उद्यमशिलता विकास गरी समृद्ध छेडागाड हाम्रो भविष्यको दिर्घकालीन परिकल्पना कार्यान्वयन गर्न छेडागाड नगरपालिकाको मार्गचित्रको रुपमा प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित छ ।

३. छेडागाड नगरपालिकाको प्रशासनिक केन्द्र चंखिलामा नगरपालिकाको प्रशासकीय भवनको कार्य अन्तिम चरणमा पुगेको छ । आगामी आ.व. को पहिलो चौमासिक भित्रमा नगरपालिकाको कामकाज सोही भवनबाट संचालन गर्ने गरी कार्य आरम्भ गरिएको छ ।

४. नागरिकको सर्वसुलभ स्वास्थ्य सेवा पाउने अधिकारलाई सुनिश्चित गर्दै यस नगरपालिकाका सबै वडाहरुमा स्वास्थ्य चौकीहरु तथा सामुदायिक स्वास्थ्य इकाईहरु संचालन भइरहेका छन् । नगर अस्पतालको प्रयोजनको लागि कुमारी ट्रष्ट र रोटरी क्लबबाट ठुलो परिमाणमा स्वास्थ्य उपकरणहरु प्राप्त भएको छ । छेडागाड नगरपालिकाको वडा नं. ११ ढुंगिलमा रहेको नगर अस्पताल हाललाई स्थानान्तरणको कार्य भएको छ । कुमारी ट्रष्टद्वारा स्वामित्व सहित हस्तान्तरण गरिएको छेनपा ५ को फुर्किचौरमा रहेको भवन लगायतका संरचना भएको उक्त स्थानबाट नगरपालिकाको नगर अस्पतालमा विशेषज्ञ स्वास्थ्य सेवा सहित प्राथमिक आँखा उपचार केन्द्र स्थापना भई सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ ।

५. चालु आर्थिक वर्ष २०८१/८२ मा यस नगरपालिकाको वडा नं ७ को वडा केन्द्र टिकाचौर सम्म सडक संजालको पहुँच पुर्याईएको छ । सडकको ट्र्याक ओपनको कार्य मात्र भएको र वर्षायाममा अधिकांश स्थानीय/ग्रामीण सडकहरु बाढी पहिरोको कारण नियमित संचालन हुन नसक्ने अवस्था सृजना भएको छ । विभिन्न निकायहरुको समन्वय तथा साझेदारीमा नगरपालिका

क्षेत्र भित्रका सडक संजालहरुको मर्मत संभार तथा स्तरोन्नती गरी नियमित संचालन हुने गरी कार्य गरिनेछ। छेडा चंखिला थलह सडकको कालोपत्रेको कार्य धमाधम भइरहेको छ र आगामी आ.व. भित्र उक्त सडक कालोपत्रेको कार्य सम्पन्न भई यातायात नियमित र सहज हुने विस्वास गरेको छु ।

६. आगामी १ वर्षभित्र छेडागाड नगरपालिकाको सबै वडाकेन्द्रहरुमा केन्द्रिय विद्युत प्रसारण लाईन विस्तार गरि आगामी २ वर्षभित्र नगरपालिकाका सबै स्थानहरुमा विद्युत प्रसारण लाईन विस्तार गर्ने गरी सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरिनेछ ।

७. सार्वजनिक शिक्षा क्षेत्रको विकास गरी शैक्षिक गुणस्तर कायम गर्न नगरपालिकाको १० वर्षे शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ। नगरपालिकामा विद्यालयको संख्या धेरै हुनु, शिक्षकहरुको व्यवस्था गर्न नसकिनु र समग्रमा शैक्षिक गुणस्तर कायम गर्न नसकिएको सन्दर्भमा यस नगरपालिकाले दरबन्दी मिलान, विद्यालय मर्ज तथा समायोजनको अवधारणा अघि सारेको छ। कक्षा ८ को परीक्षालाई नगरपालिका स्तरीय बनाइएकोछ। विद्यालयका कुनै पनि पदको दरबन्दीमा विज्ञापन गरी नियुक्ति प्रयोजनको लागि प्रश्नपत्र बैंक स्थापना गरि सोही कार्यान्वयन भइरहेको छ। यसबाट शिक्षक तथा कर्मचारीको नियुक्ति निष्पक्ष, पारदर्शी, मितव्ययी, प्रतिष्पर्धी र प्रभावकारी भएको अनुभव गरेको छु ।

८. विकास निर्माणका क्रममा देखा परेका कमीकमजोरीलाई सुधार गर्न विकासको ढाँचा, गति र संस्कृति फेर्नुपर्ने देखिन्छ। विगतका वर्षदेखि क्रमागत र अधुरा रहेका आयोजनाहरुलाई पुन: प्राथमिकीकरण गरी आगामी आ.व. २०८२/८३ मा सम्पन्न हुने गरी आवश्यक श्रोतको व्यवस्था गर्ने र आगामी आ. व. देखि दायित्व सिर्जना नहुने गरी कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ।त्यसैगरी उपभोक्ता समिति र निर्माण व्यवसायीहरुलाई जनताप्रती प्रत्यक्ष उत्तरदायी बनाउने नीति लिइनेछ ।

९. संघिय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान विनियोजन भन्दा कम प्राप्त हुने र नगरपालिकाले प्रक्षेपण गरेको राजश्व पनि अनुमानित भन्दा कम प्राप्त हुने भएकोले एक आर्थिक वर्षमा विनियोजन भएको बजेट नपुग हुने र त्यसको भार नगरपालिकालाई पर्दै आइरहेको छ।यस्तो परिस्थितिमा आन्तरिक राजश्व बृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

१०. दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन, सवारी साधन संचालन, इन्धन तथा भ्रमण खर्च व्यवस्थापन, अनुत्पादनमूलक कार्यमा लगानी जस्ता फजुल खर्चहरु नियन्त्रण गर्ने, दरबन्दी अनुसार मात्र कर्मचारी व्यवस्थापन गरी नगरपालिकाको चालु प्रकृतिको खर्च घटाउने र पुँजीगत बजेट बृद्धि गर्ने नीति अवलम्ब गरिनेछ ।

११. छेडागाड नगरपालिकाको लागत साझेदारीमा सम्पन्न भएका खानेपानी तथा सरसफाईका योजनाहरुको बजेट अभावको भएको कारण चालु आ.व. भित्रै समपुरक वापतको रकम नगरपालिकाबाट भुक्तानी दिन नसकिने र योजना उपभोक्ता समितिहरु मारमा परिरहेका र

आयोजनाहरु अलपत्र हुने अवस्था सिर्जना भएको छ । यस्तो अवस्थामा लागत साझेदारीबाट संचालन हुने आयोजनाहरुको श्रोत सुनिश्चित गरि कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२. छेडागाड नगरपालिकाको वडा नं ४, ५, ९, १० र ११ नं. वडा कार्यालयको पक्की भवन निर्माण भई आफ्नै भवनबाट कार्यालय संचालन भइरहेका छन् भने वडा नं. १, २, ३, ६ आफ्नै कच्ची भवनबाट कार्यालय संचालन भइरहेका छन् भने बाँकी ७, ८, ९, १२ र १३ हालसम्म भाडाको घरमा संचालन भइरहेका छन् । चालु आ.व. भित्र वडा नं. १३ को वडा कार्यालयको भवन निर्माण सम्पन्न हुने क्रममा रहेको छ भने आगामी आ. व. २०८२/८३ मा वडा नं. १ को पक्की भवन निर्माण गर्नको लागि संघीय सरकारबाट समपुरक वापतको रकम प्राप्त भएको छ ।यसरी नै क्रमशः यस नगरपालिकाका सबै वडा कार्यालयको भवनहरु निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

अब म आगामी आ.व. २०८२/८३ को विषयगत क्षेत्र अनुसार वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**आर्थिक विकास क्षेत्र**

१३. छेडागाड नगरपालिका कृषि उत्पादनको हिसाबले अत्यन्त उर्वर भूमि मानिन्छ । विशेष गरी वडा नं. २, १० र ११ मा सुन्तला लगायतका अन्य फलफूलहरुको उत्पादन, वडा नं. २, १०, ११, १२ र १३ मा आलुखेती तथा आँपको उत्पादन हुने र अन्य वडाहरुमा खाद्यान्न बालीहरुको प्रशस्त उत्पादन हुने गर्दछ । विगतका वर्षहरुदेखि छरिएर श्रोत वितरण हुने र उपलब्धी कम हुने गरेको यथार्थतालाई मध्यनजर गरी यस वर्ष ब्लक र पकेट क्षेत्रको अवधारणा बमोजिम वास्ताविक कृषकहरु सम्म पुग्ने र लाभ दिन सकिने कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने नीति अबलम्बन गरिनेछ ।

१४. कृषकहरुलाई उन्नत प्रविधि, ज्ञान, सीप र क्षमताको अभिबृद्धि गरी कृषि तथा पशुपालन व्यवसायलाई रोजगारीको माध्यम बनाई गरिवी निवारण गर्ने नीति लिइनेछ ।

१५. यस नगरपालिका क्षेत्रभित्र रहेका बास्ताविक कृषकहरुलाई फाईदा पुग्ने गरी लागु गरिएको **"कृषकसँग मेयर कार्यक्रम"** लाई निरन्तरता दिइनेछ । अझैपनि यस कार्यक्रमबाट अपेक्षित उपलब्धी हासिल हुन नसकिरहेको अवस्थामा कार्यविधिलाई समयानुकूल परिमार्जन गरी सोही अनुरुप यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१६. नगरपालिकाको कृषि विकास उपशाखाको प्राविधिक सहयोगमा यस नगरपालिकाको सबै संभाव्य स्थानहरुको माटो परीक्षण गरिनेछ । सोही अनुसार संभाव्य स्थानहरुमा कृषि तथा पशुपंक्षि क्षेत्रको लागि कार्यक्रमहरु तय गर्ने नीति लिइनेछ ।

१७. संघ तथा प्रदेश सरकारबाट यस नगरपालिकामा कार्यान्वयन हुने योजनाहरुको प्रभावकारीताको लागि समन्वय तथा सहजीकरणको अभाव रहेको छ । कार्यान्वयन गर्ने निकायहरुको समन्वय नहुँदा वास्तविक कृषकले कार्यक्रमबाट फाइदा लिन नसक्ने र कार्यक्रम प्रभाव हिन जस्तै देखिन्छन् । त्यसैले आगामी आ.व. को बजेट कार्यान्वयन गर्दा नगरपालिकाको प्रत्यक्ष निगरानी हुने र कार्यक्रमको स्थान एकीन गर्दा नगरपालिकाको कृषि विकास योजनामा रहेका कार्यक्रम तथा स्थानहरु एकीन गर्ने नीति लिइनेछ ।

१८. विगत ३ वर्षयता किसान सूचिकरणको कार्य भइरहेको छ । हरेक वर्ष २/३ वटा मात्र वडाहरुको कृषकहरुको सूचीकरणको कार्य सम्पन्न हुने गरी बजेट विनियोजन हुने र उक्त कार्य सम्पन्न गर्न धेरै बर्ष लाग्ने हुनाले आगामी आ.व. भित्र सबै वडाहरुको किसान सूचीकरणको कार्य सम्पन्न हुने गरी कार्यक्रम तय गर्ने नीति लिइनेछ ।

१९. औद्योगिक ग्राम स्थापना भइसकेको हुनाले उक्त औद्योगिक ग्रामको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार लगायत अन्य संरचना निर्माण गर्नको लागि सम्बन्धित सरकारबाट बजेट प्राप्त भएको हुनाले औद्योगिक ग्रामको कार्यलाई प्रभावकारी रुपमा संचालन गरी कार्यान्वयन गरिनेछ ।

२०. कृषि तथा पशुपालन क्षेत्रको तथ्यांकलाई व्यवस्थित गराउन सकिएको छैन । एथार्थ र विश्वसनिय तथ्यांक नहुँदा ती क्षेत्रको लागि गरिएको योजना तर्जुमा प्रभावकारी हुदैन । तसर्थ आगामी आ.व. भित्र कृषि तथा पशुक्षेत्रको प्रोफाईल निर्माण गर्ने नीति लिइनेछ ।

२१. अर्गानिक कृषिमा बृद्धि, कर्णालीको समृद्धि कर्णालीको नारालाई आत्मासात् गर्दै यस नगरपालिकामा पनि अर्गानिक कृषि उत्पादनको अभियान चलाउनुपर्ने देखिन्छ । प्राङ्गारिक कृषि उत्पादन, प्रविधि प्रसार र पोषण सुधारको लागि उत्पादन सामाग्रीहरु सहयोग गर्ने नीति लिइनेछ। प्राकृतिक प्रकोपबाट कृषि बाली र पशु चौपायामा हुने क्षतीको जोखिम न्यूनिकरण गरी यूवाहरुलाई कृषि तथा पशुपालनमा आकर्षित गर्न कृषि तथा पशुपंक्षि विमामा कृषकहरुलाई जोड्ने नीति अवलम्बन गरिनेछ ।

२२. कृषिजन्य बस्तुहरुको आयात प्रतिस्थापन गर्न विशेष उत्पादन क्षेत्र निर्धारण गरी क्लष्टर खेती प्रवर्द्धन गरिनेछ । स्याउ, ओखर, सुन्तला, कागती, किवी र हलुवाबेद लगायतका फलफुलहरुको बगैचा प्रवर्द्धन तथा नर्सरी सुदृढिकरण गर्ने नीति लिइनेछ ।

२३. कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्न उन्नत विउ, विरुवा, नश्ल तथा उत्पादनमा कृषकको पहुँच बृद्धि गरिनेछ । परम्परागत कृषि प्रणालीलाई प्रविधियुक्त, व्यवसायिक, प्राङ्गारिक, प्रतिष्पर्धात्मक र जलवायूमैत्री बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ । कृषि अनुदानलाई प्रभावकारी र पारदर्शी बनाउन प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

२४. सन् २०३० सम्म पशुपंक्षीमा महामारीको रुपमा फैलिने विभिन्न संक्रामक रोगहरुको नेपालबाट उन्मूलन गरिने लक्ष्य राखेका विभिन्न पशुपंक्षीजन्य रोग नियन्त्रणका लागि खोप अभियानहरु

संचालन गरिनेछ । पशुपंक्षीको स्वास्थ्य उपचार सेवालाई भरपर्दो, सुलभ, दिगो र प्रभावकारी बनाउने नीति लिइनेछ ।

२५. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु जस्तैः हाते कागज उद्योग, टेक्सटाईल उद्योग, बाँस तथा निगालो जन्य हस्तकला, मुढा तयारी उद्योग, कृषि उपजमा आधारित उद्योग, जडिबुटिजन्य उद्योग, अल्लो कटाई, प्रशोधन तथा बुनाई उद्योग, कापी उद्योग तथा सिस्नु पाउडर उद्योगको स्थापना तथा संचालन गर्न संघ तथा प्रदेश सरकार र नीजि क्षेत्रहरुसँग सहकार्य गर्ने ।

२६. नगरपालिकाको आन्तरीक आम्दानी बृद्धि गर्न सकिने खानीजन्य उद्योगहरु जस्तैः टुर्मालिन, काइनाईट, सिलेट, मार्वल, पत्थर उत्खनन् तथा प्रशोधन उद्योग स्थापनामा सहजता प्रदान गरी प्रत्यक्ष रुपमा रोजगारी सिर्जना गरिनेछ ।

२७. छेडागाड नगरपालिकामा रहेका सरकारी, निजी र सार्वजनिक जग्गाहरु छुट्याई, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गरी नदिजन्य पदार्थहरु जस्तैः ढुंगा, गिट्टी, बालुवा लगायतको उत्खनन् तथा निकासी हुने व्यवस्था मिलाई नगरपालिकाको आन्तरीक आम्दानीलाई बढाइनेछ ।

२८. नगरपालिकामा दर्ता, सूचीकरण तथा नविकरण नगरी नगरपालिकाको क्षेत्रभित्र संचालनमा रहेका व्यवसायीहरुलाई दर्ता, सूचीकरण तथा नविकरण गर्न लगाई करको दायरामा ल्याइनेछ । नगरपालिकामा नियमित र सबैभन्दा धेरै कर बुझाउने करदातालाई प्रोत्साहन गरिनेछ ।

२९. एक वडा एक लघु उद्योग स्थापना तथा संचालनको नीति सहित पछाडी परेका वर्गहरुलाई लघु उद्यमीको रुपमा विकास गरी स्थानीय श्रोत, बजार माग र लक्षित वर्गको रुचीको आधारमा विभिन्न खालका सीप विकास तालिमहरु संचालन गरी उत्पादन तथा बजारसँग जोडिनेछ ।

३०. नगरपालिका क्षेत्रभित्रका नमूना उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ । उद्यमी प्रोत्साहन स्वरुप वडा नं. ७ मा रहेको नमूना अल्लो प्रशोधन उद्योगबाट उत्पादित अल्लोका सामाग्री तथा लत्ता कपडाहरुलाई नगरपालिकाले अनिवार्य प्रयोग गर्ने गरी आवश्यक नीति अवलम्बन गरि लागु गरिनेछ ।

३१. लोककल्याणकारी विज्ञापन प्रकृया मार्फत सूचना प्रविधि तथा संचारको पहुँचलाई सर्वसाधारण समक्ष सहज पहुँच कायम गर्नको लागि आवश्यक कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३२. लामो समयदेखि विधिवत रुपमा दर्ता भई वित्तिय कारोबार गर्दै आइरहेका यस नगरपालिका क्षेत्रभित्रका विभिन्न वित्तिय संस्था तथा सहकारीहरुको अनुगमन तथा नियमन गरिनेछ । सहकारीमा रहेको रकमलाई नियमन गरी उत्पादन र रोजगारीसँग जोड्ने नीति लिइनेछ । निष्कृय र कामयावी नरहेका संस्थाहरुलाई खारेजीको लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

३३. उपभोक्ता हित संरक्षण र संवर्द्धनको लागि बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ । सरोकारवाला निकायहरुको समन्वय तथा सहजीकरणमा सघन रुपमा बजार अनुगमन गरी उपभोक्ता मैत्री बजारको विकास गरिनेछ ।

३४. यूवा जनशक्तिलाई आयआर्जनमा प्रत्यक्ष रुपमा जोड्नका लागि विभिन्न निकायहरुसँगको समन्वय तथा साझेदारीमा रोजगारी बृद्धि गर्ने खालका जीवनोपयोगी तथा आयआर्जनमूलक तालिमहरु जस्तै: ड्राइभिङ्ग, सिलाईकटाई, हाउस वाइरिङ्ग, प्लम्विङ्ग, व्यूटी पार्लर, कम्प्यूटर मर्मत, मोटरसाइकल मर्मत, सिकर्मी तथा डकर्मी लगायतका तालिमहरु संचालन गरिनेछ ।

३५. आधुनिक तथा नविकरणीय उर्जमा सबैको पहुँच कायम गर्नको लागि संघीय सरकारले उर्जा विकास मार्गचित्र २०८१ कार्यान्वयनको तयारी गरिरहेको छ। त्यसैगरी जनताको जलविद्युत कार्यक्रम र विद्युत खपत बृद्धि तथा खनिज इन्धन न्यूनिकरण कार्ययोजना २०८० पनि कार्यान्वयन भईरहेको छ । संघीय सरकारको नीति अनुरुप यस नगरपालिकामा पनि विभिन्न सरोकारवाला निकायहरुसँगको समन्वयमा नविकरणीय उर्जा सम्बन्धीका कार्यक्रमहरु संचालन गरिनेछ ।

३६. मिडिया मैत्री आम संचार नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३७. स्थानीय संचार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन सृजना गरी वितरण गरिनेछ ।

३८. स्थानीय संचार माध्यम तथा पत्रकारहरुको लागि संचार सामाग्री खरिदमा अनुदान तथा सहयोग कार्यविधि निर्माण गरी आवश्यक कार्यान्वयन गरिनेछ ।

३९. संचारकर्मीहरुको बृद्धि र विकासको लागि आधारभूत, डिप्लोमा तथा मिडिया एवं AI सम्बन्धी तालिमहरुको व्यवस्था गरिनेछ ।

४०. सूचनाको हक प्रेस स्वतन्त्रता तथा सुशासन प्रवर्द्धनका लागि पत्रकारहरुको सहभागितामा नगरपालिका भित्र सार्वजनिक सुनुवाई, बृत्त चित्र निर्माण तथा प्रसारण र प्रकाशनमा जोड दिइनेछ।

४१. आकस्मिक राहत, स्वास्थ्य वीमा जस्ता कार्यका लागि स्थानीय पत्रकार सुरक्षा कोष स्थापना गरि कार्यान्वयन गरिनेछ ।

४२. स्थानीय सरकार र संचार माध्यमविच सहकार्य गरी लोकतन्त्रको आधारशिला सुदृढ बनाउनका लागि नगरपालिकासँग मिडिया कार्यक्रम संचालन गरिनेछ ।

४३. सरकारका काम कार्वाही खुला र पारदर्शी बनाई जवाफदेहीता अभिबृद्धि गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

४४. छेडागाड नगरपालिका धार्मिक पर्यटनको हिसावले अत्यन्त महत्वपूर्ण नगरपालिका मानिन्छ । त्यसैले पर्यटन, उद्योग र खानी : समृद्धि सम्भव छ, कर्णालीमा गरौं लगानी भन्ने कर्णाली प्रदेशको

मूल मान्यतालाई आत्मासात गर्दै यस नगरपालिकाको वडा नं. २ सुयाडामा रहेको मालिका मन्दिर, वडा नं. ८ मा घोगी र डाँडागाउँमा रहेका पौराणिक देवलहरु, वडा नं. ३ मा रहेको बाङकोट मालिका गुफा र वडा नं. १० को मछाईना मालिकालाई आन्तरिक तथा बाह्य पर्यटकीय आकर्षणको केन्द्रको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ साथै वडा नं. ३ को बाङकोट गुफा र वडा नं. ४ को चाल्नेमालिका भ्यू टावर, वडा नं. १२ र १३ को मालिका मन्दिर तथा नगरपालिका भित्रका संभाव्य अन्य क्षेत्रहरुलाई समेत पर्यटकीय स्थानको रुपमा विकास र विस्तार गर्ने नीति लिइनेछ ।

४५. यस नगरपालिकाको वडा नं. ७ लाई विशेष वडाको रुपमा घोषणा गरिएको छ। जातीय पहिचान र त्यहाँ रहेका प्राकृतिक श्रोतहरुको पहिचान र परिचालन गरी पर्यापर्यटनको रुपमा विकास गर्न होम स्टे, हाइकिङ्ग लगायतका पर्यटन पूर्वाधारहरुको विकास गरिनेछ ।

४६. स्थानीय कच्चा पदार्थमा आधारित उच्च माग भएका र भौगोलिक पहिचानसँग जोडिने उत्पादनको विकास र विस्तारका लागि वस्तु विकास केन्द्र तथा कोशेली घर स्थापना गरी संचालनमा ल्याइनेछ । यस्तो उत्पादनको बजारीकरण, निर्यात प्रवर्द्धन र सार्वजनिक क्षेत्रमा अनिवार्य प्रयोग गर्न प्रोत्साहित गरिनेछ । रैथाने बाली र स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणमा सहयोग पुर्याउने खालका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

४७. छेडागाड नगरपालिकाको छेडागाड खोलामा पाइने माछा नेपालकै सबैभन्दा मिठो माछा मध्येको एक मानिन्छ । यहाँका अधिकाँश मानिसहरुको जीविकोपार्जनको माध्यम भएको हुनाले यहाँ पाइने माछाको संरक्षण गर्न अवैध रुपमा माछा मार्ने कार्य भैरहेको हुनाले उक्त कार्यलाई पूर्णतया बन्द गरिनेछ । छेडागाडको माछालाई व्यवस्थित रुपमा ब्रान्डिङ्ग गरेर राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत व्यापार प्रवर्द्धन गरि छेडागाड नगरपालिकाको पहिचान कायम हुने खालका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

४८. यस नगरपालिकाको वडा नं. १३ को छेडालाई बञ्जी जम्पको आकर्षणको रुपमा विकास गर्ने साथै सोही स्थानमा रहेको छेडाको पहिचान दिने स्थानलाई आर्टिफिसियल स्थानको रुपमा विकास र संरक्षण गर्न सरोकारवाला निकायहरुसँग सहकार्य तथा समन्वय गरिनेछ ।

४९. उत्पादनशिल र रोजगारीमूलक क्षेत्रमा कर्जा प्रवाह सहज बनाइनेछ । प्रतिष्पर्धी बस्तु तथा सेवा उत्पादन र वितरण गर्न निजी क्षेत्रलाई आकर्षण गर्दै वित्तीय रुपमा बोझिला, नागरिकबाट विभिन्न बहानामा चर्को व्याज असुल्ने वित्तिय संस्थाहरुलाई नियमन गरिनेछ ।

५०. नगरपालिका स्थापना कालदेखि नै कर्मचारीको अभाव भई दैनिक ज्यालादारी तथा करार सेवामा लामो समयदेखि धेरै कर्मचारीहरु कार्यरत रहदै आएको अवस्थामा हालसम्म आइपुग्दा लोकसेवा आयोगबाट स्थायी कर्मचारीहरुको पदपुर्ती गरी पठाइसकेको हुनाले दरबन्दी बेगर धेरै कर्मचारीहरु कार्यरत भइरहेको र नगरपालिकाको आन्तरीक श्रोत अभावको कारण दैनिक ज्यालादारी र करार सेवाका कर्मचारीहरुको तलब लामो समयदेखि भुक्तानी गर्न नसकिएको र

भुक्तानी भएको रकम पनि प्रत्येक वर्ष सैद्धान्तिक बेरुजुमा कायम गर्दै आएको हुनाले वर्षेनी करौंडौं रकम नगरपालिकाको बेरुजुको बढिरहेको छ । यस्तो अवस्थामा नगरपालिकामा कार्यरत रहेका दैनिक ज्यालादारी तथा करारका कर्मचारीहरुको आगामी आ. व. २०८२/८३ देखि म्याद थप नगर्ने तथा बेरुजुलाई घटाउने र वित्तिय मितव्ययीता र पारदर्शीता कायम गरिनेछ ।

**सदस्यज्यूहरु,**

**सामाजिक विकास क्षेत्र**

५१. संघीय सरकारको स्वास्थ्य सेवालाई सुलभ र पहुँच योग्य तुल्याउन पूर्वाधार विस्तारसँगै सेवा प्रदायक अस्पताल-चिकित्सक, स्वास्थ्य जनशक्ति र सेवाग्राहीविचको असन्तुलन हटाउने र स्वास्थ्य सम्बन्धी सबै सहायता र सहुलितयका कार्यक्रमहरुलाई स्वास्थ्य विमासँग जोड्ने नीति अनुरुप कर्णाली सरकारको निरोगी कर्णाली: यसैमा केन्द्रित स्वास्थ्य प्रणाली भन्ने मूल नारा अनुरुप नगरबासीको स्वास्थ्य सेवाको पहुँचलाई एकीकृत, सरल, सुलभ, गुणस्तरीय र प्रभावकारी बनाईनेछ ।

५२. संविधान प्रदत्त स्वास्थ्यको अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिएको अवस्थामा यस छेडागाड नगरपालिकामा रहेको १ वटा नगर अस्पताल, ६ वटा स्वास्थ्य चौकीहरु, ८ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा ४ वटा सामुदायिक स्वास्थ्य इकाईबाट औषधी लगायतका उपकरणहरु समयमै उपलब्ध गराउने । नगर अस्पतालको लागि कुमारी ट्रष्टले हस्तान्तरण गरेका उपकरणहरुको भरपुर सदुपयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

५३. छेडागाड नगरपालिका क्षेत्रभित्र रहेका ६५ वर्ष माथिका विदुर नागरिकहरुलाई सामाजिक सुरक्षण प्रदान गरी सम्मानपूर्वक जीवनयापन गर्नको लागि आगामी आ.व. २०८२/८३ देखि नगरपालिकाबाट प्रत्येक महिना रु. १०००/- का दरले सामाजिक सुरक्षा (विदुर) भत्ता प्रदान गरिनेछ ।

५४. विभिन्न साझेदार निकायहरुसँगको समन्वयमा महिलाको पाठ्यघर खस्ने, पाठेघरको क्यान्सर, आँखा, हाड जोर्नी लगायतका विभिन्न विशेषज्ञ स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

५५. नगरपालिकाका ४ वटा स्वास्थ्य केन्द्रहरुमा संचालन भईरहेको सुरक्षित गर्भपतन सेवालाई भरपर्दो र प्रभावकारी बनाइनेछ भने नगर अस्पतालबाट समेत आगामी वर्षमा सुरक्षित गर्भपतन सेवालाई थप विस्तार गरी सेवा प्रवाह गरिनेछ ।

५६. नागरिकहरुको मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउनको लागि छेडागाड नगरपालिका वडा नं. १२ स्थित कार्कीगाउँ स्वास्थ्य चौकीबाट आगामी वर्षमा एक्सरे (X-ray) सेवा संचालन गरिनेछ ।

५७. छेडागाड नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा हुने सुत्केरी महिलाहरुको लागि सुत्केरी हुने वित्तिकै प्रोत्साहन भत्ता उपलब्ध गराउन सुत्केरी प्रोत्साहन कोषको स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ । नगरपालिका क्षेत्रभित्रका सुत्केरी आमाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध हुँदै आएकोमा उक्त सेवालाई थप प्रभावकारी बनाइनेछ ।

५८. नगरपालिकाको आवश्यकतालाई महसुस गरी माग गरिएको विशेष अनुदान कार्यक्रम अन्तर्गत संघीय सरकारबाट ७५ लाख रुपैया प्राप्त भएको छ। छेडागाड नगरपालिका आगामी २ वर्षभित्र बालमैत्री स्थानीय शासन नगरपालिकाको रुपमा घोषणा उन्मुख भइरहेको हुनाले बालमैत्री तथा गुणस्तरीय सिकाईको लागि विभिन्न कृयाकलापहरु संचालन गरिनेछ ।

५९. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा ELMIS प्रणाली पूर्णरुपमा लागु गरी औषधीको व्यवस्थित खरिद, वितरण तथा भण्डारण गरिने र स्वास्थ्य संस्थाहरुमा निशुल्क वितरित औषधीहरुलाई सहज तथा नियमित उपलब्ध गराईनेछ ।

६०. ज्येष्ठ नागरिकहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै नसर्ने रोगको समयमै व्यवस्थापन गर्न मेयरसँग ज्येष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रमको सुरुवात गरिनेछ ।

६१. यस छेडागाड नगरपालिकामा रहेको नगर अस्पताल तथा केही स्वास्थ्य चौकीहरुबाट चिकित्सकद्वारा अनलाइन स्वास्थ्य सेवा शुरु गरी विरामीहरुको रोगको निदान तथा उपचार गर्न टेलीमेडिसिन सेवा संचालन गरिनेछ ।

६२. विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्राथमिकतामा राखि १४ वटा विद्यालयमा कार्यरत विद्यालय नर्सहरुलाई परिचालन गरी किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

६३. मानसिक स्वास्थ्य कार्यक्रमलाई व्यवस्थित गर्न मानसिक रोगीहरुको लागि आवश्यक औषधी तथा परामर्श सेवालाई प्रभावकारी बनाइनेछ ।

६४. घरमै सुत्केरी हुने दर, बालमृत्युदर तथा मातृ मृत्युदर घटाउन मेडिक मोबाइल कार्यक्रम मार्फत सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई तथा सबै स्वास्थ्यकर्मीहरुलाई जिम्मेवार बनाई कार्यक्रम कार्यान्वयन गरिनेछ। साथै गाउँघर क्लिनिकहरुलाई थप व्यवस्थित बनाउँदै लगिनेछ। नियमित खोप कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने र खोपको खेरजाने दरलाई घटाइनेछ ।

६५. स्वास्थ्यका सूचकहरुमा सुधार गर्न नियमित अनुगमन, पृष्ठपोषण, अनलाईन कोचिङ्ग जस्ता कार्यक्रमहरुलाई नियमित रुपमा संचालन गरिनेछ ।

६६. आगामी दिनहरुमा निर्माण हुने खानेपानी तथा सरसफाईका योजनाहरुलाई अनिवार्य रुपमा बालमैत्री, अपांगमैत्री तथा वातावरण मैत्री बनाइनेछ। निर्माण भएका खानेपानी तथा सरसफाईका योजनाहरुको दिगोपनाको लागि नियमित मर्मत संभार गर्न मर्मत संभार कोष र हेरालु राख्नको लागि आवश्यक कानून निर्माण गरिनेछ ।

६७. गर्भवती महिला तथा शिशुको स्वास्थ्य अवस्थाको समयमै पहिचान गर्न ग्रामीण भिडियो एक्सरे कार्यक्रमलाई थप स्वास्थ्य संस्थाद्वारा संचालन गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ ।

६८. नगरपालिकाका सबै वडाहरुलाई सरसफाईका सूचकको आधारमा पूर्ण सरसफाई वडा घोषणाको लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६९. स्वच्छ खानेपानीका मुहानहरुको पहिचान गर्ने र गुणस्तर चेकजाँच गरी आवश्यकताको आधारमा एक घर एक धाराको अवधारणा अनुरुप खानेपानी आयोजनाहरु संचालन गरिनेछ। नगरपालिकासँगको साझेदारीमा विभिन्न दातृ निकायहरुसँग साझेदारी गरी गुणस्तरीय योजनाहरुको निर्माण गरिनेछ ।

७०. नगरपालिकामा खानेपानी योजनाहरुको दिगोपना सुनिश्चित गर्न तथा गुणस्तरीय खानेपानीको उपलब्धता गराउन नगरपालिकाको वास प्लान (WASH PLAN) लाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।

## सभाका सदस्यज्यूहरु

७१. प्रारम्भिक कक्षाहरुलाई स्रोतसाधन सम्पन्न वनाईनेछ। वालविकास कक्षामा रमाइलो वातावरणमा सिकाई हुने ब्यवस्था गरिनेछ। न्यूनतम् १२ जना भन्दा कम विद्यार्थी भएका वालविकास केन्द्रहरु आवश्यक स्थानमा स्थानान्तरण वा मर्ज गरिनेछ ।

७२. विद्यालय व्यवस्थापन क्षमतालाई प्राज्ञिक वातावरण बनाउने गरी विकास गर्ने र सक्षम र जवाफदेही प्रशासनिक र प्राज्ञिक नेतृत्वका लागिसक्षमप्रधानाध्यापक छनौट गरी प्राज्ञिक परिणाम दिने नेतृत्वको रूपमा व्यवस्था गरिनेछ ।

७३. विद्यालयको भौतिक सर्वेक्षणद्वारा सेवा प्रवाहको क्षेत्र निर्धारण गरीविद्यालय नक्साङ्कन, समायोजनगरिनेछ । विद्यार्थी संख्या न्यून भएका विद्यालयमा विस्तारित कक्षा सञ्चालन गरिनेछ।

७४. गुणस्तरीय शिक्षाका सूचक सहितकोगुणस्तर परीक्षण मार्फत विद्यालयको स्तरीकरणतथा बर्गीकरण गरिनेछ। विद्यालयको कार्यसम्पादनस्तरका आधारमा अनुदान दिने प्रणाली स्थापित गरिनेछ ।

७५. परीक्षा प्रणालीमासामयिक सुधारगरिनेछ। कक्षा ५ को परीक्षा वडा स्तरीय र कक्षा ८ को परीक्षा नगरस्तरीय सञ्चालन गरिनेछ। कक्षा ३, ५, ८ र १० को सिकाई उपलब्धी परीक्षण गरी उत्कृष्ट नतिजा हासिल गर्ने विषय शिक्षकलाइ प्रोत्साहन गरिनेछ।सूचकमा आधारित नतिजाका आधारमा उत्कृष्ट विद्यालय, उत्कृष्ट प्रधानाध्यापक, उत्कृष्ट शिक्षक, उत्कृष्ट विद्यार्थी घोषणा र पुरस्कृत गरिनेछ ।

७६. डिजिटल डिभाइडलाई कम गर्न र सिकाईलाई सामयिक वनाउन वालमैत्री, प्रविधिमैत्री शिक्षाको सूनिश्चितताका लागिसूचना प्रविधि कक्षा, शैक्षिक सामाग्री सहितका न्यूनतम पूर्वाधारको सुनिश्चितता गरिनेछ साथै प्लाष्टिक निषेधित हरित विद्यालय वनाउनका लागि आवश्यक कार्य गरिनेछ ।

७७. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ। वालवालिकाहरुलाई स्थानीय कला, संस्कृति, रहनसहन परम्परा, सिपको जगेर्ना र हस्तान्तरण गर्ने वातावरण तय गरिनेछ। विद्यार्थीलाई सिर्जनशील, समालोचक, अनुसन्धानकर्ता बनाउन प्रभावकारी शिक्षण विधि र मूल्याङ्कन पद्धति अवलम्बन गरिनेछ।

७८. कोठामा आधारित सुपरिबेक्षण, मेन्टरिङ्गर पृष्ठपोषण तथा विद्यालय अनुगमन, निरीक्षणका लागि विषयविज्ञको समूह निर्माण तथाविषयगत शिक्षकको सञ्जाल बनाई परिचालन गरिनेछ। महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति र सबै खाले विविधता भएका विद्यार्थीका लागि उपयुक्त सिकाइमैत्री वातावरण तयार गरी उनीहरुको पहुँच र सिकाइ सूनिश्चित गरिनेछ।

७९. अनिवार्य आधारभुत शिक्षा सुनिश्चित गर्नका लागि अनिवार्य भर्ना, नियमित हाजिरी, अध्ययनमा निरन्तरता र अनिवार्य रूपमा निर्धारित न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न योजनाबद्ध शिक्षण सिकाइ वातावरण निर्माण गरिनेछ। एकिकृत छात्रबृत्ति कोष मार्फत अभिभावक विहिन तथा **विपन्न वालवालिकाहरुलाई** छात्रबृत्तिको ब्यवस्थापन गरिनेछ।

८०. अभिभावक शिक्षा कार्यक्रम मार्फत समुदायको शिक्षा क्षेत्रमा सकृय योगदानमा बृद्दि गरिनेछ। सरकारी कोषबाट तलब सुविधा उपभोग गर्ने ब्यक्तिका सन्तानलाई सार्वजनिक विद्यालयमा पढाउन अभिप्रेरित गरिनेछ।

८१. सबै विद्यालयमा सहजीकरण गर्ने गरी खेलकुद प्रशिक्षकको ब्यवस्था गरिनेछ। साथै विद्यालयमा खेलकुद र अतिरिक्त तथा सहकृयाकलापलाई अनिवार्य बनाउनुका साथै विद्यालयहरुमा पूर्वीय र परम्परागत शिक्षाका साथै योग अध्ययन र अभ्यास गराइनेछ।

८२. समुदायमा आधारित सिकाइ, सिप विकास तथा समुदाय परिचालनलाई सुदृढ गरिनेछ। साथै विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई सामुदायिक सिकाइ केन्द्रमार्फत बैकल्पिक अनौपचारिक शिक्षा प्रदान गरी कम्तिमा आधारभुत तह पुरा गर्ने सुनिश्चित गरिनेछ।

८३. प्रत्येक वडामा 'एक वालउधान र एक खेलमैदान' निर्माण गरी वालवालिकाको सर्वाङ्गिण विकासमा टेवा पुर्याइनेछ। नगरस्तरीय मेयर कप, राष्ट्रपति रनिङ्गशिल्ड विभिन्न नगर स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरी खेलकुदको विकास तथा प्रवर्धन गरिनेछ।

८४. सिकाउनका लागि सिकाइ कार्यक्रम मार्फत शिक्षकको मागमा आधारित तालिम र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी शिक्षकको पेशागत विकास गरिनेछ।

८५. शिक्षकको समयपालनाको अभिलेख राख्नका लागि विद्यार्थीद्वारा शिक्षक लगबुक भर्ने प्रणालीको स्थापना गरी विद्यार्थीको सिकाइमा शिक्षकककको जवाफदेहिता अभिबृद्दि गरिनेछ। वडा शिक्षा समन्वयकर्ताको परिचालन निरन्तरता दिई विद्यालय सुशासन कायम गराउने ब्यवस्था गरिनेछ।

८६. विदाको सहुलियत सुविधा कम उपभोग गर्ने र विद्यालयको काममा दृढ र प्रतिवद्ध शिक्षकलाई प्रोत्साहन गरिनेछ। शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक नपुग हुने विद्यालयलाई

अनुदानको ब्यवस्था गरिनेछ । साथै शिक्षक अभाव कम गर्नका लागि क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नसिपको रुपमा स्वयंसेवामा परिचालन गर्ने नीति लिइनेछ ।

८७. वालवालिकाहरुको प्रतिभा पहिचानका लागि "वालवालिकासंग मेयर" कार्यक्रम मार्फत वडास्तरीय तथा पालिकास्तरीय प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरी प्रतिभा प्रष्फुटन गराउने र विकासको अवसर प्रदान गरिनेछ ।

८८. स्थानीय पुजी निर्माण र वालवालिकाको पोषण एवं सिकाइमा सुधारका लागि विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उपजमा आधारित वनाइनेछ ।

८९. सकारात्मक सोचको विकास गर्न, उत्प्रेरणा वृद्धि गर्न वालवालिकाहरुलाई करियर परामर्श, मनोसामाजिक परामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।अपाङ्गता भएका वालवालिकाको शिक्षामा पहुँच सूनिश्चित र सिकाइ निरन्तरताका लागि विकास साझदार संगको साझेदारीमा घरमै विद्यालय कार्यक्रम (School at Home) लाई निरन्तरता दिइनेछ ।

**सभाका सदस्यज्यूहरु**

९०. महिलाको सशक्तिकरण, बालबालिकाहरुमाथीको विभेद अन्त्य, हानीकारक सामाजिक अभ्यासहरु रोक्न र बालिकाहरुको माध्यमिक तहसम्मको अध्ययन सुनिश्चित गर्न बैंक खाता छोरीको सुरक्षा जीवनभरीको कार्यक्रमलाई परिमार्जन गरी निरन्तरता दिने कर्णाली प्रदेश सरकारको नीतिमा उल्लेख भए बमोजिम विगत केही वर्षदेखि स्थगित भएको बैंक खाता छोरीको सुरक्षा जीवनभरीको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९१. बालबालिकाको हितलाई ध्यानमा राखी जोखिममा रहेका बालबालिकाहरु विद्यालय शिक्षाको अवसरबाट बञ्चितिकरणमा परेका छन् । यस्ता बालबालिकाहरु बाध्यात्मक रुपमा जोखिमपूर्ण कार्यमा लागिरहेका छन् । यस्ता बालबालिकाहरु विशेष गरी बालविवाह गर्ने र बालश्रममा लाग्न बाध्य भएका छन् । जसको रोकथाम गरी नगरपालिकास्तरमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँगको समन्वय तथा साझेदारीमा आगामी आर्थिक वर्षभित्रमा नगरपालिकाका कम्तिमा ४ वटा वडा र २ वर्ष भित्रमा नगरपालिकालाई नै बालमैत्री स्थानीय शासन नगरपालिका घोषणा गरिनेछ ।

९२. आफ्ना लागि आफै केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालनपोषण समेत गरिदिने कोही नभई जीवन नै जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरीक, अपांगता भएका व्यक्ति एवं मनोरोगीहरुको उद्धार एवं मानवोचित व्यवस्थापन गरिनेछ ।ज्येष्ठ नागरिकहरुलाई सम्मानपूर्वक जीवनयापनको प्रवन्ध मिलाई उनीहरुको ज्ञान र अनुभवको उपयोग र पुस्तान्तरणमा जोड दिईनेछ । ज्येष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य उपचारको व्यवस्थालाई व्यवहारगत बनाइनेछ ।

९३. महिलाहरुको सर्वाङ्गिण उत्थान र सबलीकरणमा विशेष ध्यान दिइनेछ । महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्य गरिनेछ ।

९४. Save The Children को आर्थिक सहयोगमा संचालन भएको सहयात्रा तेश्रो परियोजनाको लागि आवश्यक लागत साझेदारी गरिनेछ । जसबाट शिक्षा, बालसंरक्षण, बालअधिकार, बालगरिवी र महिला बालबालिकाको क्षेत्रमा लगानी गरिनेछ ।

९५. घरपरिवार, समुदाय तथा विद्यालयहरुमा बालबालिका माथी हुने हिंसा अन्त्यका लागि बालक्लब तथा वडा बालअधिकार समितिहरु मार्फत समुदाय तथा बस्ती स्तरमा व्यापक रुपमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

९६. बालविवाह, बालश्रम, बालबालिकामाथी हुने हिंसा अन्त्यका लागि समुदायमा रहेका धार्मिक अगुवाहरुको वडा तथा पालिका स्तरीय समुहहरु गठन गरी परिचालन गरिनेछ ।

९७. नगरपालिकाभित्रमा अति जोखिममा रहेका र संरक्षणका आवश्यकता भएका बालबालिकाहरु र घरपरिवारको पहिचान गरी त्यस्ता संरक्षणका आवश्यकता भएका बालबालिकाहरुको प्राथमिकताको आधारमा घटना व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ । यस्ता बालबालिकाहरुलाई आवश्यकताका आधारमा सहयोग गरिनेछ ।

९८. वडा तथा नगरपालिका स्तरमा स्थापना भएका बालअधिकार समितिहरुलाई कृयाशिल बनाई वडा तथा नगरपालिका स्तरमा सकृय बालसंरक्षण प्रणालीको सवलीकरण गरिनेछ ।

९९. नगरपालिका तथा वडाहरुमा स्थापना भएका बालबालिकासँग सम्बन्धित कोषहरुमा रकम विनियोजन गरी कोष बृद्धि गरिनेछ । नगरपालिकाको बाल अक्षयकोषलाई कृयाशिल बनाई खर्च गरिनेछ ।

१००. बालबालिकाहरुको गुनासो उचित तरिकाले सम्बोधन गर्ने कार्यलाई प्रभावकारी बनाउन स्थापना भएका संयन्त्रहरुलाई प्रभावकारी बनाइनेछ र नगरपालिकाको टोल फ्रि नम्बरलाई सबैको पहुँचमा ल्याइनेछ ।

१०१. जलवायू परिवर्तनका असरहरु न्यूनिकरण गर्न नगरपालिकामा रहेका सबै विद्यालयहरुमा हरित विद्यालय कार्यक्रम कार्यन्वयन गरिनेछ । जलवायू परिवर्तन सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१०२. किशोर किशोरीहरुमा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी गराई सानो उमेरमा हुने विवाह र गर्भधारणलाई रोकथामका लागि विद्यालय नर्सहरु मार्फत बृहत्तर यौनिकता शिक्षा कक्षाहरु संचालन गरिनेछ ।

१०३. विद्यालय तथा समुदाय स्तरमा प्लाष्टिकजन्य बस्तुहरुको प्रयोग तथा जंक फुडहरुको प्रयोगमा निशेधित गरी स्थानीय उत्पादन तथा अर्गानिक खाद्य पदार्थको उत्पादन, प्रवर्द्धन तथा प्रयोगमा बढावा दिइनेछ ।

१०४. दोश्रो स्थानीय तहको निर्वाचन पश्चात् निर्वाचित भईसकेपछि नगरपालिकाको नगरप्रमुखको हैसियतले प्राप्त गर्ने सरकारी सेवा सुविधाबाट स्थापना भई कार्यान्वयनमा रहेको बालकल्याण कोषबाट जयन्ता खत्री, करुणा के.सी., गिता जैसी र मनोज रावतलाई अध्ययन अध्यापन खर्च वापत १ लाख ८० हजार रुपैया सहायता प्रदान गरिएको छ भने हाल कोषमा जम्मा ५ लाख ३ हजार ९ सय ६० रुपैया मौज्दात रहेको छ भने आगामी दिनमा उक्त कोषलाई आवश्यक पर्ने कार्यविधि तथा ऐन कानून तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१०५. सामाजिक सुरक्षा कार्यक्रममा सेवाग्राहीको सहज र सरल पहुँच कायम गर्नु हामी सबैको साझा दायित्व हो । बैंङ्किङ्ग प्रणालीबाट वितरण भईरहेको सामाजिक सुरक्षा भत्ता निकासा गर्दा लाभग्राहीहरुले सास्ती भोगिरहेको अवस्थालाई मध्यनजर गर्दै सामाजिक सुरक्षा वितरणलाई वायोमेट्रिक प्रणालीबाट संचालन गरिएको छ । तसर्थ उक्त कार्यलाई आगामी आ.व. देखि थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१०६. सामाजिक क्षेत्रमा काम गर्ने सबै साझेदार निकायहरुको समन्वय तथा सहकार्यमा प्रभावकारी कार्यक्रमहरु तय गरि सामाजिक विभेद, बहिष्करण, हिंसामा परेका वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने तरिकाले कार्यान्वयन गरिनेछ ।

**सभाका सभासदस्यज्यूहरु**

**अव म आगामी आ.व. २०८२/८३ मा भौतिक पूर्वाधार विकास क्षेत्र तर्फ लिइने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

१०७. नगरपालिका क्षेत्रभित्र जथाभावी नयाँ सडक निर्माण गर्ने परिपाटीलाई निरुत्साहित गर्दै सडक पूर्वाधारको स्तरोन्नती र सडक निर्माण गर्दा जलपुनर्भरण प्रणाली समेत समावेश गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । नगरपालिकाका सबै वडाहरुलाई सडक संजालले जोडिनेछ ।

१०८. नगरपालिकाको प्रशासनिक केन्द्रको टुंगो लाग्न लामो समय लागेको र आफ्नै भवन निर्माण नहुँदा छेडागाड नगरपालिका लामो समयदेखि भाडाका घरहरुमा संचालन हुँदै आइरहेको छ ।गत आ.व. देखि छेनपा ५ को चंखिलामा निर्माणाधिन अवस्थामा रहेको प्रशासनिक भवनमा आगामी आ.व. भित्र स्थानान्तरण हुने गरी हाल निर्माण कार्य भइरहेको छ । निर्माण कार्यलाई छिटो छरितो सम्पन्न गरी उक्त भवनबाटै कार्य संचालन हुने व्यवस्था मिलाईनेछ ।

१०९. छेडागाड नगरपालिकाको वडा नं ४, ५, ९, १० र ११ नं. वडा कार्यालयको पक्की भवन निर्माण भई आफ्नै भवनबाट कार्यालय संचालन भइरहेका छन् भने वडा नं. १, २, ३, ६ आफ्नै कच्ची भवनबाट कार्यालय संचालन भइरहेका छन् भने बाँकी ७, ८, ९, १२ र १३ हालसम्म भाडाको घरमा संचालन भइरहेका छन् । चालु आ.व. भित्र वडा नं. १३ को वडा कार्यालयको भवन निर्माण सम्पन्न हुने क्रममा रहेको छ भने आगामी आ. व. २०८२/८३ मा वडा नं. १ को पक्की भवन निर्माण गर्नको लागि संघीय सरकारबाट समपुरक वापतको रकम प्राप्त भएको

छ।यसरी नै क्रमश: यस नगरपालिकाका सबै वडा कार्यालयको भवनहरु निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

११०. विगतका वर्षदेखि विभिन्न निकायहरुबाट निर्माणको कार्य थालनी भई अधुरो अवस्थामा रहेका यस नगरपालिका क्षेत्रभित्रका विद्यालय भवनहरु अलपत्र अवस्थामा रहेका छन्। नगरपालिकाको आफ्नै श्रोत अभावको कारण सबै भवनहरुलाई पूर्ण रुपमा बजेट विनियोजन गरी सम्पन्न गर्न सक्ने अवस्था छैन। तसर्थ संघीय सरकार, प्रदेश सरकार र विभिन्न दातृ निकायहरुसँगको साझेदारीमा ती भवनहरुलाई क्रमश: प्राथमिकताको आधारमा सम्पन्न गरिनेछ ।

१११. छेडागाड नगरपालिकामा सरकार तथा विभिन्न निकायहरुबाट निर्माण हुने भौतिक संरचनाहरुलाई पूर्णरुपमा अपांगता मैत्री, महिला तथा बालबालिका मैत्री अवधारणामा आधारित बनाईनेछ ।

११२. नगरपालिकाको वडा नं ७ को वडा केन्द्र टिकाचौर बाहेक सबै वडाहरुमा सडक संजालको पहुँच विस्तार भइसकेको छ। छेडा चंखिला थलह सडकको कालोपत्रेको कार्य धमाधम भइरहेको छ र आगामी आ.व. भित्र उक्त सडक कालोपत्रे भई यातायात नियमित र सहज हुनेछ।संघ तथा प्रदेश सरकारसँगको सहयोगमा वडा नं. ७ टिकाचौर जोड्ने सडकको कार्यलाई निरन्तरता दिई आगामी आ.व.भित्र उक्त वडामा सडक संजालको पहुँच पुर्याइनेछ ।

११३. संघीय तथा प्रदेश सरकारसँगको साझेदारीमा खारा खामालेक अन्दरकोट सुयाडा सडक वडा नं. १, लिर्ता कार्कीगाउँ मछाईना सडक छेनपा १३, ढुंगिल झाप्रा खलटाकुरा मछाइना सडक छेनपा १०, ११, थलह पजारु टिकाचौर सडक छेनपा ७,८ र ९ लाई स्तरोन्नती गरी नगरपालिकाको सडक संजालको पहुँच कायम गरिनेछ। साथै नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थानहरुसम्म सडकको पहुँच कायम गरिनेछ ।

११४. सडक संजालको पहुँच कायम भएका वडा नं. ६ र ८ जोड्ने नाउरीघाट मोटरेबल पुल, वडा नं. ११ र ११ जोड्ने लम्तीखोला मोटरेबल पुल, वडा नं.९ र ५ जोड्ने चल्लोपोले मोटरेबल पुल र शिवालय ९ बालुवाबजार र छेनपा १२ अम्रैचौर जोड्ने मोटरेवल पुल निर्माणको लागि विभिन्न निकायहरुसँग समन्वय गरि क्रमश: निर्माण गरिनेछ ।

११५. नगरपालिकाका अन्य झोलुङ्गेपुल आवश्यकता भएका स्थानहरुमा पुल निर्माण गरी सहज आवतजावत गर्नको लागि झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम (डोलिडार) तथा अन्य साझेदार निकायहरुसँग आवश्यक समन्वय गरि निर्माण गरिनेछ ।

११६. कर्णाली प्रदेश सरकार मार्फत बजेट विनियोजन भई सामाजिक विकास कार्यालय जाजरकोटबाट कार्यान्वयन हुने गरी छेडागाड नगरपालिका अडिटोरियम हल निर्माणको लागि बजेट प्राप्त भएको हुनाले छेडागाड नगरपालिकाको वडा नं. ५ चंखिलामा सुविधायुक्त हल निर्माण गरी सभा सम्मेलन तथा गोष्ठीहरु संचालनमा प्रभावकारीता ल्याइनेछ ।

११७. विभिन्न सरोकारवाला निकाय तथा साझेदार संस्थाहरुसँगको समन्वयमा नगरपालिका क्षेत्रभित्र रहेको बाँझो तथा उर्वरयोग्य भूमिमा सिंचाईको व्यवस्थापन गरी उत्पादन र उत्पादकत्व बढाउँदै किसानहरुलाई व्यवसायीकरण तर्फ उन्मुख गरिनेछ ।

११८. बैकल्पिक उर्जा प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखिनेछ । विभिन्न निकायहरुसँगको साझेदारीमा बैकल्पिक उर्जा कार्यक्रमलाई थप प्रभावकारी बनाई वडा कार्यालय, स्वास्थ्य चौकी तथा विद्यालयहरुमा बैकल्पिक उर्जाको सहज पहुँच कायम गरिनेछ ।

११९. नेपाल विद्युत प्राधिकरणले ठेक्का आह्वान गरेतापनि हालसम्म नगरपालिकाको सबै वडाहरुमा राष्ट्रिय विद्युत प्रसारण लाईन विस्तार नभईसकेको हुनाले सम्बन्धित निकायहरुसँग समन्वय गरी आगामी आर्थिक वर्ष २०८२/८३ भित्र विद्युत प्रसारण लाईन जडानको कार्य गरिनेछ ।

१२०. नगरपालिका क्षेत्रभित्र रहेका नदिताल तलैया तथा खोलाहरुबाट लघु जलविद्युत आयोजना निर्माण गरी विद्युत उत्पादन गर्नको लागि संभाव्यता अध्ययन गर्न विभिन्न कन्सल्टेन्सी लगायत अन्य सहयोगी र साझेदार निकायहरुसँग समन्वय गरि संभाव्यता अध्ययन गरिनेछ ।

१२१. श्रोत नभएका सिंचाई तथा खानेपानीका श्रोत नभएका स्थानहरुमा छेडाखोलाबाट तथा ड्रिल गर्न संभाव्य स्थानहरुबाट सिंचाई तथा खानेपानीका योजनाहरु निर्माण गर्नको लागि साझेदार निकायहरुसँग समन्वय तथा साझेदारी गरिनेछ ।

१२२. नगरपालिका र नगरक्षेत्रभित्र संचार सेवालाई भरपर्दो र विश्वासिलो बनाउन सोडारीमा निर्माणाधिन रहेको टेलिफोनको टावर निर्माणको कार्य ढिला भई प्रभावकारी सेवा प्रदान गर्न समस्या भईरहेको छ । तसर्थ उक्त निर्माणाधिन टावर निर्माणको कार्य सम्पन्न भईसकेको हुनाले सेवा संचालन गर्नको लागि नेपाल टेलिकमलाई ताकेता भइरहेको र आगामी आ.व. को पहिलो चौमासिक भित्र प्रभावकारी र गुणस्तरीय सेवा संचालन गरिने ।

**सभाका सदस्यज्यूहरु**

**अव म आगामी आर्थिक वर्ष २०८२/८३ मा वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रका नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

१२३. दिगो वन समृद्ध जीवन भन्ने सोंचका साथ वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन पद्धती मार्फत वन क्षेत्र तथा बनपैदावारको उत्पादकत्व र उत्पादनमा बृद्धि, सहज आपूर्ती, सहज आपूर्ती र हरित रोजगारी सृजना गर्ने कर्णाली प्रदेश सरकारको नारा बमोजिम यस नगरपालिका क्षेत्रभित्र भइरहेको खोटो संकलन, जडिवुटी संकलन र विक्री वितरण, लगायतका कार्यहरुलाई व्यवस्थित गरिनेछ ।

१२४. यस नगरपालिका क्षेत्रभित्र खोटो संकलन कार्य भइरहेको र बनजंगल फडानी र नष्ट हुँदै गएको हुनाले खोटो संकलन गर्ने विभिन्न कम्पनी तथा वन उपभोक्ता समितिहरुले यसतर्फ कुनै ध्यान नदिए र नगर सरकारले पनि पटक पटक करको दायरामा आउन र बन संरक्षणको

लागि पहल गर्न अनुरोध गरेतापनि लापर्वाही गरी अटेर गरेको हुनाले आगामी आर्थिक वर्षदेखि करको दायरामा नआउने  कम्पनी तथा उपभोक्ता समितिहरुलाई खोटो संकलन कार्य गर्न नपाउने गरि बन्देज गरिनेछ ।

१२५. वनजंगलको व्यापक फडानी, आगलागी, खोरिया खेती जस्ता कार्यहरुले नगरपालिका क्षेत्रको वनजंगलको विनास हुँदै गईरहेको र प्राकृतिक श्रोत साधनको अत्यधिक र अनियमित दोहनबाट जैविक विविधता र वातावरणमा प्रतिकूल असर परिरहेको छ। यसको अन्त्य गर्नको लागि प्राकृतिक श्रोत साधनको संरक्षण संवर्द्धन गर्न विभिन्न साझेदार निकायहरु, वन सव डिभिजन कार्यालय र कम्पनीहरुसँग सहकार्य गरिनेछ।

१२६. वर्षायाममा हुने बाढी पहिरो तथा अन्य संभावित प्राकृतिक विपद जोखिम न्यूनिकरणको लागि जोखिम संभाव्यता अध्ययन गरी त्यसको असर कम गर्नको लागि चाहिने न्यूनतम बजेट तथा पूर्वाधारको व्यवस्था गरिनेछ । यस्ता प्रकृतिजन्य प्रकोपबाट पिडित नागरिकको उद्दार, राहत पुनस्थापना र पुनर्लाभको कार्यक्रम तत्काल संचालन गरिनेछ । साथै विपद पूर्वको सूचना प्रणालीलाई पनि थप प्रभावकारी बनाइनेछ। नगरपालिकामा रहेको आपतकालीन संचालन केन्द्र र वडामा गठन भएका LEOC लाई तयारी अवस्थामा राखिनेछ ।

१२७. नगरपालिका क्षेत्रभित्र रहेका अति विपन्न तथा गरिव र विरामी व्यक्तिहरुलाई आर्थिक सहायता तथा औषधी उपचार खर्चको उचित व्यवस्था गरिनेछ। साथै प्राकृतिक विपत्तिमा ज्यान गुमाएका परिवारहरुलाई कृया खर्च वापतको रकम उपलब्ध गराइनेछ ।

१२८. भुकम्पपछिको पुनर्निर्माण कार्यको लागि प्राधिकरण मार्फत विस्तृत क्षती अनुमान (Detail Damaged Analysis) को कार्य अन्तिम चरणमा पुगेको हुनाले यस नगरपालिकाले पनि उक्त पुनर्निर्माणको कार्यलाई थप प्रभावकारी र छिटो छरितो रुपमा कार्यान्वयन गरिनेछ ।

१२९. प्राकृतिक प्रकोपबाट बच्न र त्यसको क्षती न्यून पार्नका लागि विभिन्न तयारी तथा सुरक्षात्मक उपायहरु अवलम्बन गरिनेछ । जस अन्तर्गत भुकम्प, बाढी, पहिरो, आँधी, डुवान आदीको बारेमा समुदायलाई जानकारी र सचेत गरिनेछ । भुकम्प प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण गर्ने, बाढी पहिरो संभावित क्षेत्रहरुमा घर निर्माण नगर्ने, सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, बाढि नियन्त्रणका लागि बाँध, तटबन्धन र नाला व्यवस्थापन गर्ने, रेडियो, टेलिभिजन, मोबाइल सन्देश आदीको प्रयोगबाट जनतलाई सूचना प्रदान गर्ने, नगरपालिकामा राहत तथा उद्दारका सामाग्रीहरु तयारी अवस्थामा राख्ने आदी कार्यहरु संचालन गरिनेछ ।

**सभाका सभासदस्यज्यूहरु**

**अब म सुशासन तथा सार्वजनिक सेवा क्षेत्रका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

१३०. डिजिटल कर्णाली प्रदेशको अवधारणा अनुरुप डिजिटल कर्णाली गुरुयोजना कार्यान्वयनमा आइरहेको छ । सोही गुरुयोजनालाई आत्मासात गर्दै यस नगरपालिकामा पनि सूचना प्रविधिको

प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन एकीकृत सूचना प्रणाली निर्माण गरिनेछ । सूचना प्रविधि क्षेत्रलाई नवप्रवर्तनमा आधारित बनाइनेछ भने यस नगरपालिकालाई E-Municipality रुपमा विकास गर्दै लगिनेछ ।

१३१. नगरपालिकाको कार्यसम्पादनलाई चुस्त, प्रभावकारी, छिटो छरितो र सुशासनयुक्त बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य गरिनेछ ।

१३२. नगरपालिकाबाट संचालन हुने सबै किसिमका सेवा सुविधा र कार्यक्रमहरुमा सामाजिक समावेशीकरण र लैङ्गिक समता तथा समानता कायम हुने गरी सबै जातजाती, लिङ्ग, क्षेत्र र समुदायको समानुपातिक रुपमा सहभागिता सुनिश्चित गरिनेछ ।

१३३. यस नगरपालिकाका सबै वडाहरुमा सूचना प्रविधिको उच्चतम् प्रयोग गरी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई प्रभावकारी सेवा प्रवाह गरिनेछ ।

१३४. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, पारदर्शी, जनउत्तरदायी र सहभागीतामूलक बनाउँदै नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधामा नगरबासीको समान र सहज पहुँच सुनिश्चित गरी आन्तरीक सुशासनको प्रत्याभूती हुने गरी सेवा प्रवाह गरिनेछ ।

१३५. नगरपालिकाबाट प्रवाह हुने सेवा तथा कार्यहरुको जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्नको लागि सार्वजनिक जवाफदेहिताका औजारहरु (सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, नागरिक बडापत्र, सार्वजनिक लेखापरीक्षण, सामाजिक परीक्षण, नियमित अनुगमन तथा मुल्यांकन आदी) को प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

१३६. नगरपालिकाका विषयगत क्षेत्रहरुको गुरुयोजना निर्माण गरिनेछ। त्यसैगरी संस्थागत विकासको लागि निर्माण भएको आन्तरीक नियन्त्रण प्रणालीको कार्यान्वयन, मध्यकालीन खर्च संरचना निर्माण गरिनेछ भने आवश्यकता अनुसारका नीति तथा योजनाहरु निर्माण गरिनेछ ।

१३७. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि थप परामर्श तथा तिनीहरुको उद्दार तथा पुनस्थापनाका लागि सहजीकरण तथा आवश्यकता अनुसार कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१३८. छेडागाड नगरपालिकामा कार्यरत जनशक्तिहरुको कार्यसम्पादन मुल्यांकन गरी सोही आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ। करार तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको संख्या धेरै हुनु र उनीहरुको पारिश्रमिक समेत व्यवस्था गर्न कठिनाई भएको अवस्थामा नगरपालिकाको दायित्व सृजना हुने गरी दरबन्दी बेगर कार्यरत दैनिक ज्यालादारी तथा सेवा करारका कर्मचारीहरुको म्याद थप नगर्ने गरी कर्मचारी व्यवस्थापन गरिनेछ ।

१३९. नगरपालिकाको वित्तिय सुशासन कायम गर्न र नगरपालिकाको संस्थागत विकास गर्ने उद्देश्यका साथ शुरु भएको स्थानीय तह संस्थागत स्वमुल्याङ्कन (LISA) र वित्तिय जोखिम न्यूनिकरण (FRA) लाई प्रभावकारी बनाई संस्थाको सबलीकरण गरिनेछ ।

१४०. आर्थिक तथा वित्तिय कारोबार पारदर्शी, मितव्ययी, प्रभावकारी र औचित्यपूर्ण बनाउन र अनुत्पादक र फजुल खर्च गर्ने पद्धतीलाई निरुत्साहित गर्न, आर्थिक कार्यप्रणालीमा समसामयिक सुधार गरी वित्तिय अनुशासन र सुशासनमा जोड दिईनेछ ।

१४१. छेडागाड नगरपालिकामा शिक्षक तथा कर्मचारीहरुको संख्या अधिक रहेको र उनीहरुको पारिश्रमिक राजश्व वापत प्राप्त बजेटबाट व्यवस्थापन गर्न नसकि वित्तिय समानीकरण अनुदान वापत प्राप्त रकमबाट कर्मचारी तथा शिक्षकहरुको पारिश्रमिक भुक्तानी हुने र वर्षेनी बेरुजुको परिणाम बढ्दै गईरहेको छ । यस्तो विकराल अवस्थामा नगरपालिकाको वेरुजु कम गर्न र बेरुजु फच्छ्यौंट गर्नको लागि नगरपालिकाको लेखा समितिलाई कृयाशिल बनाईनेछ ।

१४२. नगरपालिकाको कम्तीमा पनि एकवटा स्थानलाई ल्याण्डफिल साइटको छनौट गरी फोहोरमैला व्यवस्थापन गरिनेछ । यस क्षेत्रको फोहोरमैला उत्पादनमा न्यूनिकरण, पृथकिकरण, पुन:चक्रण र पुन प्रयोग गरिनेछ । नदिमा फोहोर फाल्ने व्यक्ति तथा प्रवृत्तिलाई दण्डित गरिनेछ ।

१४३. स्थानीय स्तरमा उत्पन्न हुने विभिन्न खालका विवादहरु निरुपण गर्नको लागि प्रत्येक वडाहरुमा मेलमिलापकर्ताहरुको व्यवस्था गरिएको छ । उनीहरुलाई आवश्यक पर्ने ज्ञान र सीपहरु विकास गरी सकृय रुपमा उनीहरुलाई परिचालन गरिनेछ ।

१४४. यस नगरपालिकामा वित्तिय समानीकरण अनुदान संघ र प्रदेश सरकारबाट संचालन हुने शसर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान लगायतका श्रोतहरुबाट संचालन हुने विकास निर्माणका योजना तथा कार्यक्रम , क्षमता विकासको कार्यक्रमहरु आर्थिक वर्षको अन्त्यमा मात्र सम्पन्न हुने परिपाटीले यसको गुणस्तरमा बारम्बार प्रश्नचिन्ह खडा हुँदै आएको छ। यसको निराकरण गर्न चौमासिक कार्यतालिका निर्माण गरी योजना तथा कार्यक्रम संचालनको लागि सम्बन्धित निकायहरुलाई जिम्मेवार बनाइनेछ ।

१४५. नगरपालिका क्षेत्रभित्र ठेक्का मार्फत संचालन हुने योजना तथा कार्यक्रममा निर्माण व्यवसायीहरुले समयमा काम नसक्ने र बजेट फ्रिज भएर योजना अलपत्र पर्ने त्यसको भार नगरपालिकामा पर्ने साथै ठेक्का मार्फत सम्पन्न भएका योजनाहरुको रकम नगरपालिकाबाट भुक्तानी लिईसकेको तर सम्बन्धित कामदारहरुले ज्याला नपाएको उजुरी बारम्बार नगरपालिकामा प्राप्त हुने ठुलो समस्याको रुपमा रहेको छ । तसर्थ यो समस्या निराकरण गर्नको लागि निर्माण व्यवसायीहरुलाई पूर्ण रुपमा जवाफदेही बनाइनेछ र समय सीमाभित्र कार्य सम्पन्न गर्न आर्थिक अधिकार सहितको अख्तियारीनामामा पूर्ण बन्देज लगाइनेछ । यदि निर्माण व्यवसायीहरुबाट कामदारहरुको ज्याला नदिएको खण्डमा नगरपालिकामा रहेको सम्बन्धित निर्माण कम्पनीको धरौटी रकमबाट भुक्तानी गरिनेछ ।

१४६. समाजमा उत्पन्न हुने विभिन्न खालका द्वन्द्व र विवादहरुको स्थानीय स्तरमै समाधान गर्नको लागि नगरपालिकाको न्यायिक समितिलाई श्रोतसाधन र जनशक्ति सम्पन्न बनाईनेछ । जसको

लागि वडा स्तरीय मेलमिलाप केन्द्र र मेलमिलापकर्ताहरुको क्षमता विकासको लागि आवश्यक पर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

१४७. वडा स्तरमा उत्पन्न भएको विवाद नगरपालिकाको न्यायिक समितिमा पेश भएको खण्डमा नगरपालिकामा सूचीकृत मेलमिलापकर्ताहरुद्वारा समाधान गरी न्यायपूर्ण र मेलमिलापयुक्त समाजको निर्माणमा जोड दिइनेछ ।

१४८. यस नगरपालिकामा रहेका भूमिहिन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोबासी नागरिकहरुको निस्सा वितरणको कार्यलाई यथासक्य छिटो वितरण गरी आगामी आ.व. भित्रै लालपुर्जा वितरणको कार्य सम्पन्न गरिनेछ ।

१४९. यस नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न संघ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र, सहकारी, नागरिक समाज, स्थानीय समुदाय, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायत सम्बद्ध सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

१५०. यस नगरपालिकाको आगामी आ.व. २०८२/८३ को प्रस्तुत नीति तथा कार्यक्रमले संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयन मार्फत समृद्ध छेडागाड हाम्रो भविष्य को सपनालाई साकार पार्नेछ । यस नीति तथा कार्यक्रममा अन्तर्निहित उद्देश्य प्राप्त गर्न नगरपालिकाले सामुहिक प्रतिवद्धताको नीति अवलम्बन गरिनेछ । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा नगरपालिकालाई सक्रिय सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

**अन्त्यमा,**

सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी, मजदुर, किसान, उद्योगी व्यवसायी, बैंक तथा वित्तिय क्षेत्र, सामुदायिक तथा सहकारी क्षेत्र, नागरिक समाज, संचारकर्मी लगायत सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद !

छेडागाड नगरपालिकाको नगर सभा कार्य संचालन नियमावली २०७४ को नियम १४१ उपनियम (१) र (२) बमोजिम यो छेडागाड नगरपालिकाको १८ औं (नवौं बजेट अधिवेशन) नगरसभाको बैठकमा प्रस्तुत भई पारित भएको नीति तथा कार्यक्रम २०८२ प्रमाणित गर्दछु ।

**रत्न बहादुर खड्का**
अध्यक्ष
मिति : २०८२/०३/१०

## बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक नगर उप-प्रमुख
## श्री चन्द्रबहादुर थापाद्वारा नगरसभामा प्रस्तुत
विनियोजन विधेयक, २०८२ का
# सिद्धान्त र प्राथमिकता

**श्रद्धेय सभाअध्यक्ष महोदय,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना पश्चात् गठन भएको यस नगरपालिकाको दोश्रो नगर उपप्रमुखको हैसियतले विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ। यस महत्वपूर्ण अवसरमा मुलुक परिवर्तनको लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान् शहीदहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु साथै घाइते, अपांगहरु प्रति सहानुभूती प्रकट गर्दछु।

आगामी आ.व. २०८२/८३ को बार्षिक बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्नुपूर्व बजेटले सम्बोधन गर्न खोजेको विषय र क्षेत्र स्पष्ट पार्न, यसको कार्यान्वयनशीलताको प्रत्याभूति दिन र कार्यान्वयन योग्य तथा नतिजा उन्मुख बनाउन यस नगरसभा समक्ष छेडागाड नगरपालिकाको विनियोजन विधेयक, २०८२ का सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गरेको छु।

१. यस नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र चालू आर्थिक वर्षमा शुरु गरिएका नीति तथा कार्यक्रमहरूको निरन्तरतालाई पनि विनियोजन विधेयक, २०८२ को सिद्धान्त तथा प्राथमिकता तय गर्दा मुख्य आधारको रूपमा लिएको छु।

२. समृद्ध छेडागाड सुखी छेडागाडबासीको नगरपालिकाको आकांक्षा पुरा गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र दिगो विकास लक्ष्य प्राप्तीको लागि यस नगरपालिकाले हालसम्म प्राप्त गरेका नतिजाको समीक्षा गर्दै आगामी आर्थिक वर्ष २०८२/८३ को लागि छेडागाड नगरपालिकाले आफ्नो प्राथमिकताहरु निर्धारण गरेको छ।

३. आगामी आ.व. २०८२/८३ मा विगत वर्षहरुभन्दा भिषण वर्षा हुने तथा विभिन्न प्राकृतिक विपत्तीहरुको सामना गर्नुपर्ने विगतको अनुभवलाई समेत मध्यनजर गर्दै आइपर्ने विपत्तिहरुको सामना गर्नको लागि बजेट तथा कार्यक्रमले सोही अनुसारका प्राथमिकताहरु निर्धारण गरेकोछ।

४. छेडागाड नगरपालिकाको वडा नं. ५ चंखिलामा रहेको नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवनलाई पूर्णता दिने र सोही भवनबाट सेवा प्रवाहको व्यवस्था मिलाउनको लागि आगामी आर्थिक वर्षको बजेटले सोही अनुसार प्राथमिकता निर्धारण गरेको छ।

५. नगरपालिका क्षेत्रभित्रका विभिन्न विद्यालयका अधुरा भवनहरु तथा चालु आ.व. मा कार्यसम्पन्न भएका र आगामी आ.व. को लागि भुक्तानी दायित्वमा रहेका योजनाहरु र शैक्षिक क्षेत्रको

गुणस्तर अभिबृद्धि गर्नको लागि शिक्षा क्षेत्रको पुनर्संरचना तथा शसक्तिकरण गर्न आगामी वर्षको बजेटको प्राथमिकता रहेको छ ।

६. नगरपालिकाभित्र रहेका बेरोजगार यूवा जनशक्तिलाई रोजगारी प्रदान गर्नका लागि कृषि तथा पशुपालन तर्फ आकर्षित हुने खालका कार्यक्रमहरु तर्जुमा गर्न आगामी वर्षको बजेट केन्द्रीत रहेको छ ।

७. बैदेशिक रोजगारी कम गरी स्वरोजगारका अवसरहरु सिर्जना गर्न कृषि क्षेत्रको आधुनिकीकरण गरी परम्परागत निर्वाहमुखी खेती प्रणाली (Subsistence farming) को ठाउँमा कृषि तथा पशुपालन क्षेत्रको पकेट तथा ब्लक निर्माण गरी कृषि तथा पशुजन्य उत्पादनहरुको व्यवसायीकरण, कृषि उत्पादनहरुको सुरक्षित भण्डारण र उचित मूल्य निर्धारण र सहज बजारीकरणको लागि आगामी बजेट केन्द्रित रहेको छ ।

८. नेपाललाइ{ सन २०२६ सम्म विकासशील मुलुकमा स्तरोन्नति गर्ने राष्ट्रिय लक्ष्य, संघीय सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, वाणिज्य तथा व्यापार एवं प्रशासन-व्यवस्थापन क्षेत्रमा प्रादुर्भाव भएका नवीन मान्यतालाइ समेत आत्मसात गरी स्थानीय आवश्यकता, विशिष्टता र गन्तव्यलाई सम्बोधन गरी समृद्ध छेडागाड हाम्रो भविष्य भन्ने मूल नारालाई सार्थक बनाउन यो बजेट केन्द्रित रहेको छ ।

९. यस नगरपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य र समन्वय गरी शिक्षा, स्वास्थ्य, कृषि, पशु, भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई र पर्यटन लगायतका क्षेत्रहरुमा लगानी अभिबृद्धि गर्न आगामी बजेटको प्राथमिकता रहेको छ ।

१०. नगरपालिकाको आन्तरिक श्रोत कम हुनु र संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने बजेटको सीमा पनि घटेर आउनुले आगामी वर्षमा बजेट अपर्याप्त हुने निश्चित छ । यसका निमित्त बजेटले सक्दो रुपमा अनावश्यक खर्च कटौती गर्ने, नगरपालिकालाई प्राप्त हुन सक्ने करका दायराहरु फराकिलो पार्ने र आयका वैकल्पिक मार्ग पहिचान गर्ने तर्फ पनि केन्द्रीत हुनुपर्ने देखिएको छ । यसका लागि करदाता शिक्षा सञ्चालन गर्ने, नियमित र उच्च कर तिर्ने करदातालाई सम्मान गर्ने साथै बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाउने र सबै किसिमका व्यापार व्यवसायलाई करको दायरामा ल्याई आन्तरिक राजश्व बृद्धिमा सहयोग पुग्ने खालका कृयाकलापहरु संचालनको लागि बजेटले प्राथमिकता निर्धारण गरेको छ ।

११. नगरपालिका स्तरीय गौरवका योजना, ठुला तथा विशेष महत्वका र धेरै खर्च लाग्ने भौतिक पूर्वाधारहरुको निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग समन्वय तथा साझेदारी गर्ने र नगरपालिकामा प्राप्त भएको बजेटलाई साना अधुरा तथा क्रमागत योजनाहरु सम्पन्न गर्न तर्फ बजेट केन्द्रित रहेको छ ।

१२. राज्यका हरेक क्षेत्रमा सबै नागरिकको सहभागिता सुनिश्चित गराउन, सामाजिक समानता तथा समावेशीकरण, विश्व समुदाय तथा अन्य तहसँग प्रतिस्पर्धा गर्न आर्थिक उदारीकरण, मानवीय

मर्यादा कायम गर्न गरिबी निवारण, राज्यको उपस्थितिलाई सार्थक बनाउन सामाजिक न्याय, वितरणात्मक न्याय समेतको सुनिश्चितता गर्न प्रथमतः प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दिगो तथा कुशल व्यवस्थापन, समानता, समता र प्रतिस्पर्धाको प्रबर्द्धन गर्न महिला सशक्तीकरण तथा लैंगिक न्यायको विकास, वर्तमान र भावी पुस्ताबीच समन्याय कायम गर्न दिगो विकास र वातावरण संरक्षण, जनजाति, दलित तथा आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्गको उत्थान तथा शक्ति, स्रोत र अवसरमा साझेदारी र वडाहरुबीचको क्षेत्रीय सन्तुलन एवं समन्वयको प्राप्तिमा बजेट केन्द्रित रहने छ ।

१३. जाजरकोट जिल्लाको जनसंख्याको हिसाबले सबै भन्दा ठुलो नगरपालिका र भौगोलिक हिसाबले विकट नगरपालिका भएको हुनाले नगरपालिकाका अधिकांश वडाहरु स्वाभाविक रुपमा ठुला छन् । ती वडाहरुको आन्तरिक स्रोतको परिचालन अत्यन्त कमजोर रहेको छ । यस परिवेशमा प्राप्त श्रोतसाधनको समुचित परिचालन र नगरपालिकाको आन्तरिक श्रोतको दिगो बृद्धि गरी नगरपालिकालाई आर्थिक विकास, पूर्वाधार विकास तथा मानव विकास सूचकाङ्कमा देखिने गरी परिवर्तन गर्नु हाम्रो सामु अवसर र चुनौती दुवै रुपमा रहेको छ ।

**आदरणीय अध्यक्ष महोदय,**
**श्रद्धेय सभाध्यक्ष महोदय,**
**अब म आगामी आ.व. को बजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१४. नेपाल सरकारले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०८१ अनुसार २०८१ मा १८४३ अमेरिका डलर पुग्ने अनुमान गरिएकोमा हाल नेपालकी प्रतिव्यक्ति आय १४०५ अमेरिकी डलर मात्र पुगेको छ। तसर्थ आत्मनिर्भर र समुन्नत समाज निर्माणको लागि हरेक व्यक्तिको आयस्तर बृद्धि हुन अति आवश्यक छ। छेडागाड नगरपालिकामा रहेका जनशक्तिलाई दक्ष जनशक्तिको रुपमा निर्माण गर्न विभिन्न सीपमूलक तालिमहरु, अवसर नपाएको दक्ष जनशक्तिलाई रोजगार दिलाउनको लागि विभिन्न आयआर्जन हुने खालका कार्यक्रमहरु संचालन गर्नको लागि उद्यम विकास कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।

१५. भविष्यमा आउन सक्ने विभिन्न महामारी र विपद्सँग लड्नको लागि नगरपालिकामा स्वास्थ्यका पूर्वाधारमा लगानी, जनशक्तिको प्राप्ती तथा क्षमता विकास, स्वास्थ्य सेवाको गुणस्तर सुधार, नागरिक सचेतना, सरसफाई र स्वस्थ तथा स्वच्छ बानी ब्यहोराको विकास गर्ने कार्यलाई प्राथमिकता राखिनेछ । साथै नगरपालिकाको विपद व्यवस्थापन शाखालाई थप जिम्मेवार बनाई बडा स्तरीय विपद व्यवस्थापन समितिलाई समेत कृयाशिल बनाउने खालका कार्यक्रमहरु तर्जुमामा प्राथमिकता दिइनेछ।

१६. छेडागाड नगरपालिकाको वडा नं. ७ टिकाचौरलाई विशेष वडाको रुपमा घोषणा गरिएता पनि हालसम्म वडाको केन्द्र सम्म सडकको पहुँच विस्तार गर्न सकिएको छैन। तसर्थ आगामी

आर्थिक वर्षभित्र वडा केन्द्र टिकाचौर सम्म सडकको सहज पहुँच उपलब्ध गराउनुपर्नेछ। यसको लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्य साझेदार निकायहरुसँग आवश्यक समन्वय तथा साझेदारी प्रवर्द्धन गर्नको लागि विशेष प्राथमिकता प्रदान गरिनेछ।

१७. भौगोलिक विकटता र कठिन भुगोलको कारण स्थानीय सडक, कृषि सडक, ग्रामीण सडक, घोरेटो, पुल, झोलुङगे पुल लगायतका सडक निर्माण एवं मर्मत, सडक पुलहरु निर्माण गरी नगरमा सञ्चालित यातायातलाई व्यवस्थित बनाई नागरिकलाइ सहज यातायात सुविधाको प्रत्याभूत गरिनेछ।

१८. वर्तमान परिप्रेक्ष्यमा कृषिको उत्पादन र उत्पादकत्व बृद्धि मार्फत् गरिबी न्यूनीकरणमा टेवा पुग्ने, घट्दो रेमिट्यान्सको नकारात्मक प्रभाव न्यूनीकरण गर्न सकिने, युवा वर्गलाई रोजगारी दिने मात्र होइन नागरिकको हकको रुपमा रहेको खाद्य सम्प्रभूताको हक समेत सुनिश्चित हुने भएकाले भू-उपयोग नीतिको कार्यान्वयन, कृषिको व्यवसायीकरण, आधुनिकीकरण र विविधीकरण, सिंचित भूमिको बिस्तार, कृषि प्रविधि, सामाग्रीहरुको आधुनिकीकरण, कृषि बजार व्यवस्थापन, पशु तथा पंक्षी पालनलाइ व्यवसायीकरण गर्ने जस्ता क्षेत्रहरुमा विशेष ध्यान दिइनेछ।

१९. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, सञ्चार लगायतका सामाजिक पूर्वाधारको विकास गरी विद्यालय तथा स्वास्थ्य संस्थालाई स्रोतसाधन सम्पन्न बनाइनेछ। वडा स्तरसम्मको सूचना संकलनको लागि आगामी आर्थिक वर्षमा सबै वडाको वडा प्रोफाईल तयार गरिनेछ।

२०. एक्काइसौं शताब्दिको युग भनेको सूचना प्रविधिको युग हो। तसर्थ अब हरेक क्षेत्र प्रविधि मैत्री हुन आवश्यक छ। सूचना प्रविधिलाई स्थानीय सरकारले आत्मासात गरी सबै वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुलाई पनि सूचना प्रविधि मैत्री बनाउनु पर्ने भएको छ। छेडाबजार देखि नगरपालिकाको केन्द्र सम्म एन्टिफाइबर नेटको विस्तारलाई प्राथमिकतामा राखिनेछ।

२१. आज पनि नगरपालिकाको अधिकांश जनजीवन सौर्य उर्जामा निर्भर रहनुपरेको छ। यस बिडम्बनापूर्ण अवस्थामा नगरपालिकाका सबै वडाहरुमा विद्युत केन्द्रीय प्रसारण लाइन विस्तार गर्नको लागि सम्बन्धित निकायहरुसँग समन्वय गरी कार्यक्रम तर्जुमा गर्ने र स्थानीय स्तरका लघु जलविद्युतको उत्पादन तथा मर्मत एवं वैकल्पिक उर्जाको उत्पादन र प्रवर्द्धन मार्फत् उर्जा क्षेत्रको विकासको लागि कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिन्छ।

२२. समग्र नगरको विकासमा संघ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र, गैर सरकारी क्षेत्र र सामुदायिक संस्था लगायतको योगदान रहने हुनाले यी सबै तह र तप्काको नीति र निर्णय निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा अर्थपूर्ण सहभागिता हुने वातावरण सिर्जना गर्ने कुरालाई प्राथमिकता दिइनेछ।

२३. बाल्यकालमा शिक्षा, स्वास्थ्य र पोषण, युवावस्थामा सीप, उद्यमशीलता र रोजगारी तथा वृद्धावस्थामा सम्मान, संरक्षण र सुरक्षा प्रदान गर्ने नीति लिईने छ। राज्यको सहयोग आवश्यक

पर्ने व्यक्ति, परिवार तथा समुदायलाई विशेष संरक्षण दिइने खालका कार्यक्रमहरुलाई प्राथमिकतामा राखिनेछ ।

२४. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान र राजश्वको सीमा प्रस्तावित भन्दा कम प्राप्त हुने र नगरपालिकाको आन्तरीक श्रोत पनि अनुमान भन्दा कम प्राप्त हुँदा वार्षिक विकास कार्यक्रममा समावेश भएका सम्पूर्ण कृयाकलापहरु सम्पन्न भएतापनि भुक्तानी गर्न नसकिनुले हरेक वर्ष सरकारको दायित्व बढिरहेको छ । यस सन्दर्भमा आगामी वर्षको बजेटले आन्तरिक श्रोत अभिबृद्धिको लागि कार्यक्रम तर्जुमा गर्ने र बाँकी दायित्व श्रृजना हुन नदिने तर्फ ध्यान केन्द्रित गरि सोही अनुसार प्राथमिकतामा राखिनेछ ।

२५. नगरपालिकाको सार्वजनिक खर्च प्रणालीलाई प्रभावकारी तुल्याउँदै उपलब्ध वित्तीय साधनको समुचित उपयोग गरिनेछ। आयोजनाहरूको प्रतिफल र प्रभावकारिताको आधारमा मात्र भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ। आयोजना व्यवस्थापन क्षमतामा सुधार गरी पूर्वाधार विकासलाई तीव्रता दिइनेछ । बजेट अनुशासन कायम गरी खर्चको गुणस्तर र नतिजा प्रति सम्बन्धित कार्यालय र पदाधिकारीहरू पूर्ण रूपमा जिम्मेवार र जवाफदेही हुने प्रणालीको विकास गरिनेछ।

२६. छेडा थलह ढुंगिल सडकको कालोपत्रेको कार्य तिव्रताका साथ भइरहेको सन्दर्भमा आगामी आ.व.२०८२/८३ भित्र उक्त कार्य सम्पन्न गर्नको लागि सम्बन्धित निकायहरुसँगको सहकार्यलाई प्राथमिकता दिइनेछ ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

यस नगरपालिकाको आगामी आ.व. २०८२/८३ को बजेटलाई जनमैत्री, प्रभावकारी र मितव्ययी बनाई समग्र नगरपालिकाको समृद्धि हासिल गर्नको लागि मैले माथि प्रस्तुत गरेका बजेटका सिद्धान्त र प्राथमिकताहरु माथि यस गरिमामय सभामा व्यापक छलफल हुनेछ र यसबाट आगामी वर्षको बजेट निर्माणमा महत्वपूर्ण सल्लाह सुझावको साथै उचित मार्गदर्शन प्राप्त हुने आशा राखेको छु । सभाबाट प्राप्त हुने सुझाव र मार्गदर्शनले आगामी आ.व. २०८२/८३ को बजेटलाई परिष्कृत र उच्चकोटीको बनाउन विशेष महत्व राख्नेछ भन्ने उच्च विश्वास लिएको छु।

**अन्त्यमा**,

समृद्ध छेडागाड: हाम्रो भविष्य भन्ने मूल नारालाई आत्मासात गर्दै छेडागाड नगरपालिका र नगरबासीहरुको समग्र विकास, उन्नयन र प्रगतीको लागि अहोरात्र खट्नुहुने, सहयोग, समर्थन र मार्गदर्शन प्रदान गर्नुहुने राजनीतिक दलहरु, नागरिक समाज, उद्योगी, व्यवसायी, संचारकर्मी लगायत सम्पूर्ण आमाबुवा, दाजुभाइ, दिदीबहिनी, राष्ट्रसेवक कर्मचारीहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुका प्रतिनिधिज्यूहरु तथा सुरक्षाकर्मी सबैमा हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु ।

**धन्यवाद** !

# छेडागाड नगरपालिकाको नवौं बजेट अधिवेशनमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उप–प्रमुखद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८२/०८३ को

# बजेट बक्तव्य

**नवौं बजेट अधिवेशन तथा अठारौंनगर सभाका आदरणीय सभाअध्यक्षज्यू,**
**नगरसभाका सदस्यज्यूहरु,**
**सभामा उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. छेडागाड नगरपालिकाको यस गरिमामय अठारौं नगर अधिवेशनमा नगरपालिकाको उप-प्रमुखको हैसियतले नेपालको संविधानको धारा २३० बमोजिम आ.व. २०८२/८३ को आय र व्यय अनुमान वजेट खाका यस सम्मानित सभामा पेश गर्न गैरहेको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछिको यसछेडागाड नगरपालिकाको नवौं बजेट अधिवेशनको अवसरमा सर्वप्रथम देश र जनताको हितका लागि आफ्नो अमूल्य जीवन उत्सर्गगर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पणगर्दै शहीदका परिवारजनहरुप्रति हार्दिक समवेदना तथा सम्मान प्रकट गर्दछु । सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । "समृद्ध छेडागाड सुखी छेडागाड वासी" को परिकल्पनालाई साकार पार्ननगरपालिकाको समृद्धि र विकासका लागि महत्वपूर्ण भूमिका खेल्नुहुने महान नेपाली जनता सफल राजनितिक नेतृत्व एवम नेपाली राजनितिको शिखर नेतृत्वहरुप्रति हार्दिक सम्मानभाव चाहन्छु ।

३. यो वजेटले नगरपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, प्रविधि, दिगो पूर्वाधार, नवप्रर्वतन एवं उद्यमशीलता तथा विपद् उत्थानशील विकासमा रणनीतिक महत्व राख्ने विश्वास लिएको छु ।

४. "समृद्ध छेडागाड हाम्रो भविश्य" भन्ने मूल नारालाई आत्मसात् गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी कृषि उत्पादन खानेपानी, दीगो पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाहमार्फत् सुशासन कायम गरी नगरवासीलाई परिर्वतनको प्रत्यक्ष लाभ पुर्याउन नगरपालिका प्रतिवद्ध रहेको जानकारी गराउन चाहन्छु ।

५. नेपालको संविधान, संघीय तथा कर्णाली प्रदेश सरकारवाट जारी ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शनको रुपमा रहेको स्थानीय सरकार संचालन ऐन, २०७४ः नगरपालिकाको अर्थ विधेयक २०८२ः विनियोजन विधेयक, २०८२ः आ.व. २०८२/०८३ को नीति तथा कार्यकम, संघीय तथा कर्णाली प्रदेश सरकारको आ.व. २०८२/८३ का नीति तथा कार्यक्रम, नगरका विषयगत समितिका सुझावहरू, विज्ञ महानुभावका सुझावहरु, दीगो विकासका लक्ष्यहरु, नगर सभाका सदस्यज्यूहरूले दिनुभएका सुझावहरू, संचारकर्मी, नागरिक समाज

राजनीतिक दलहरू, विभिन्न संघ संस्था एवं सरोकारवालाको सुझाव र नगरवासी दिदीबहिनी तथा दाजुभाइहरूबाट प्राप्त महत्वपूर्ण सुझाबहरूलाई समेत समेटी आ.व. २०८२/८३ को नीति कार्यान्वयन गर्ने औजारको रुपमा यो बजेट रहनेछ ।

६. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/११/२२ को निर्णयानुसार जाजरकोट जिल्लाका साविकका कार्कीगाउँ, झाप्रा, साल्मा, दशेरा, सुवानाउली र पजारु (साविक पजारु३ देखि ९ वडा सम्म) का गा.वि.स.हरु समाहित भई छेडागाड नगरपालिका स्थापना भएको हो । पूर्वमा भेरी नगरपालिका, पश्चिममा सुर्खेत र दैलेख जिल्ला, दक्षिणमा सुर्खेत र सल्यान जिल्ला र उत्तरमा जुनिचाँदे गाउँपालिकाको बीचमा अवस्थित छ। राष्ट्रिय जनागणना २०७८ अनुसार यस नगरपालिकाको कूल घरधुरी संख्या संख्या ७१९८ र ३७८७७ जना कुल जनसंख्यारहेको छ । १३ वटा वडामा विभाजित यस नगरपालिकाको कूल क्षेत्रफल २८४.२० वर्ग कि.मि. रहेको छ । समग्रमा यस नगरपालिकाको जनघनत्व १४२ जना रहेको छ भने औषत परिवार संख्या ६ जना रहेको देखिन्छ । यस नगरपालिकाको वडा नं. ३ को दशेरामा स्नातकोत्तर तहसम्मको पठनपाठन हुने एक वटा क्याम्पस रहेको छ भने नारायणी मावि कार्कीगाउँमा कृषि वालिविज्ञान र बाल मावि झाप्रामा सिभिल तर्फ अध्ययन अध्यापन समेत भइरहेको छ। छेडागाड, सरुगाड, सुवागाड जस्ता नदीनालाहरु भएको साथै कृषि उद्योग, जलश्रोत र खानी (काइनाइट र टुर्मालिन) को प्रचूर सम्भावना बोकेको नगरपालिका भएको हुनाले पनि हाम्रो नगरपालिका प्राकृतिक सम्पदाको धनी मानिन्छ ।

**आदरणीय सभाका अध्यक्षज्यू,**

**अब मछेडागाड नगरपालिकाको वर्तमान वित्तीय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

७. चालुआ. व. २०८१/८२ को लागि कुलबजेटरु ७० करोड ७५ लाख १८ हजार प्राप्त हुने अनुमान गरिएकोमा २०८२ को जेष्ठ मसान्तसम्म ६२ करोड ५८ लाख २१ हजार ६ सय १८ रुपैयाँ प्राप्त भएको छ जुन विनियोजित वजेटको ८८.८३ प्रतिशत रहेको छ ।

८. संघीय सरकारको सशर्त अनुदान वापत ३७ करोड २२ लाख ९४ हजार रुपैया प्रक्षेपण गरिएकोमा हालसम्म ३५ करोड ५६ लाख ७२ हजार रुपैया भएको छ। कूल प्रस्तावित बजेटको जम्मा ४.३०% रकम प्राप्त नहुने देखिन्छ ।

९. संघीय सरकारको राजश्व बाँडफाँड वापत १३ करोड ४९ लाख रुपैया अनुमान गरिएकोमा हालसम्म जम्मा १० करोड ४८ लाख १४ हजार ३ सय ८४ मात्र प्राप्त भएको छ । जसमध्ये हालसम्म जम्मा रु. १० करोड ३२ लाख ४१ हजार ८० रुपैया खर्च भएको छ भने कूल अनुमानित बजेटको करिव २२.३०% रकम प्राप्त नहुने देखिन्छ ।

१०. अन्तर सरकारी वित्तिय हस्तान्तरण शिर्षकमा संघीय सरकारबाट प्राप्त हुने कूल अनुमानित रकम ६२ करोड ८ लाख ९४ हजार रहेकोमा हालसम्म ५६ करोड १ लाख ४२ हजार ५ सय ४४ मात्र प्राप्त भएको छ। कूल सीमाको ९०.२२ % मात्र प्राप्त भएको छ भने ४३ करोड ७९ लाख ४५ हजार ४ सय १४ रकम खर्च भएको छ खर्च ७८ % रहेको छ।

११. प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान वापत रु. १ करोड २५ लाख ६६ हजार अनुमान गरिएकोमा १ करोड २५ लाख ६६ हजार नै प्राप्त भएको छ ।

१२. प्रदेश सरकारको राजश्व बाँडफाँड वापत रु.१८ लाख प्रक्षेपण गरिएकोमा ९ लाख ४४ हजार ५ सय ७४ मात्र प्राप्त भएको छ ।

१३. छेडागाड नगरपालिकाको आ.व. २०८१/८२ को असार मसान्तमा छेडागाड नगरपालिकाले आन्तरिक तर्फ राजश्व संकलनको लागि ९० लाख प्रक्षेपण गरिएकोमा हालसम्म जम्मा ७० लाख रकम राजश्व संकलन भएको छ ।

१४. समग्रमा संघ, प्रदेश र स्थानीय सरकारको कूल प्रक्षेपण गरिएको रकम रु. ७० करोड ७५ लाख १८ रहेकोमा हालसम्म जम्मा ६२ करोड ५८ लाख २१ हजार ६ सय १८ रुपैया प्राप्त भएको छ भने कूल विनियोजित बजेटको ८८.८३ प्रतिशत बजेट प्राप्त भएको छ ।

१५. छेडागाड नगरपालिकाको हालसम्मको बेरुजुको अवस्था हेर्दा स्वीकृत दरबन्दी बेगरका दैनिक ज्यालादारी र सेवा करारका कर्मचारीहरुलाई उपलब्ध गराइएको पारिश्रमिक वापतको रकम वर्षेनी वेरुजुको रुपमा कायम गर्दै आएको हुनाले त्यसतर्फ समेत ध्यान दिईएको छ ।

**सभाका सभाअध्यक्षज्यू, नगरसभाका सदस्यज्यूहरु**

**अब म यस नगरपालिकाको अर्थतन्त्रमा रहेका विद्यमान प्रमुख चुनौतीहरुका सम्बन्धमा चर्चा गर्ने अनुमती चाहन्छु।**

१६. यस छेडागाड नगरपालिकामा आन्तरिक आम्दानीका स्रोतहरु तत्काल पहिचान हुन सकिरहेका छैनन तथापी कृषि वन पर्यटन जडिवुटीको उत्पादन प्रशोधन र वजारीकरणको नीति अवलम्वन गरी आन्तरिक स्रोतको वृद्धि गर्न सकिने प्रचुर संभावना हुदाहुदै आन्तरिक आयस्रोत को वृद्धि गर्ना लागि राजश्व सुधारको ठोस र दिर्घकालिन नीती र योजना निर्माण नहुँदा प्रक्षेपित राजश्व संकलन हुन सकिरहेको छैन । त्यस्तैखानीजन्य उद्योग नदिजन्यपदार्थ ढुङ्गा, गिट्टी, बालुवा र मोरङ्ग लगायतका नदिजन्य बस्तुहरुलाई व्यवस्थित रुपमा प्रयोग गर्ने वातावरण सिर्जना गर्न सकिएको छैन ।

१७. नगरपालिकाको आन्तरिक स्रोत कमजोर हुँदा संघ र प्रदेश सरकारको वित्तिय हस्तान्तरणमा निर्भर हुनुपर्ने र भौगोलिक आर्थिक सामाजिक मानव विकास सुचांक र दिगोविकास लक्ष्यअनुरुप योजना तथा कार्यक्रमहरु तय गर्न सकिएको छैन यस नगरपालिकाका वडाहरुबाट संकलन हुँदै

आइरहेको राजश्वलाई व्यवस्थित गर्न सकिएको छैन । राजश्व चुहावट हुने संभावनालाई मध्यनजर राजश्व सुधारको लागि आवश्यक कानुनी नीतीगत प्रवन्ध गर्न आवश्यक देखिन्छ ।

१८. स्थानीय उत्पादनमा आधारित लघु उद्यमीहरुको सीप विकास गरी उनीहरुले संचालन गरेका उद्योगहरुलाई प्रवर्द्धन गरी आर्थिक उपार्जन गर्न सकिएको छैन ।

१९. नगरपालिका क्षेत्रभित्र संचालन भएका पसल तथा अन्य व्यवसायहरुलाई दर्ता तथा नविकरण गरी करको दायरामा ल्याउन नसकिनु । अव्यवस्थित रुपमा व्यवसाय संचालन गरिरहेका व्यवसायीहरुलाई करको दायराभित्र ल्याउन आवश्यक पर्ने ठोस नीति तथा कार्यक्रमको आवश्यक देखिन्छ ।

२०. कृषि क्षेत्रको विकासमा वर्तमान अनुदान नीती सापेक्षित र वस्तुनिष्ठ हुन नसक्दा कृषिको व्यवसायीकरणमा समस्या उत्पन्न भएको छ ।

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

आगामी आ.व. २०८२/८३ को योजना तर्जुमा गर्दा तपसिलका प्राथमिकीकरणका आधारहरु तयार गरेकोछु । उक्त प्राथमिकीकरणका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२१. प्रस्तुत बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा प्राथमिकीकरणका निम्न आधारहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

- नगरपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गरी एकिकृत सेवा प्रवाह गर्नुपर्ने ।
- चालु आर्थिक वर्षमा सम्झौता गरी कार्य सम्पन्न भएका तर भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रमहरु ।
- रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्नेयोजना तथा कार्यक्रमहरु ।
- कृषिमा आधुनिकीकरण गरी उत्पादन र उत्पादक्त्व वृद्धि गर्ने खालका योजना तथा कार्यक्रमहरु ।
- शिक्षा क्षेत्रमा गुणस्तरीयता कायम गर्न वालमैत्री, प्रविधिमैत्री, भौतिक पुर्वाधार विकास एवम् सुधार गर्ने खालका योजना तथा कार्यक्रमहरु ।
- वातावरणमैत्री, जलवायू अनुकूलन र विपद उथ्थानशिलता प्रवर्द्धन गर्ने योजना तथा कार्यक्रमरु ।
- लागत साझेदारी र प्रत्यक्ष जनसहभागिता जुटाउने खालका आयोजनाहरु ।
- कृषिमा पकेट, ब्लक तथा सामुहिक वगैंचा विस्तार र विकास हुने आयोजनाहरु ।
- आवधिक योजनाले परिलक्षित गरेका योजना तथा कार्यक्रमहरु ।
- खानेपानी तथा स्वास्थ्य सरसफाई र वातावरण संरक्षणसंग सम्वन्धित कार्यक्रमहरु ।

- संघीय सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमसँग सम्वन्धित योजना तथा योजनाहरु ।
- प्रकोपन्यूनिकरण, विपद व्यवस्थापन, भुकम्प प्रभावित निजि आवास र सार्वजनिक संरचनाहरुको प्रवलिकरण र पुःननिर्माणसँग सम्वन्धित योजना तथा कार्यक्रमहरु ।
- नीजि, सहकारी र सरकारी क्षेत्रमार्फत् यूवा शसक्तिकरण गर्ने खालका योजना तथा कार्यक्रमहरु ।
- गरिबी न्यूनीकरण, रोजगारी सिर्जना र आयआर्जन बृद्धिमा प्रत्यक्ष योगदान पुर्याउने ।
- आन्तरिक राजस्व बृद्धि र परिचालनमा योगदान पुर्याउने, योजना तथा कार्यक्रमहरु ।
- लैङ्गिक समनाता, समता, सक्षमता, समावेशिकरण र शसक्तिकरणमा टेवा पुर्याउने नीती योजना तथा कार्यक्रमरु ।
- स्थान, जाति विशेषको भाषा, कला र संस्कृतीको पहिचान एवम् प्रवर्धन गर्ने ।
- जातिय, लैङ्गिक, भाषिक, धार्मिक, साँस्कृतिक, विभेद असमानता न्यूनिकरण गरी उन्मुलन गरी समाजिक सहिष्णुता, सद्भाव र एकता कायम गरी शसक्तिकरण गर्ने ।
- कम लागतमा बढी प्रतिफल लिन सकिने आयोजनाहरु, विपन्न वर्ग र क्षेत्रका बासिन्दाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरु ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म यहाँहरुसमक्ष “समृद्ध छेडागाड, हाम्रो भविष्य” भन्ने मूल नाराका साथ प्रस्ताव गरिएको चालु आ.व. ०८१/८२ को हालसम्मको कार्यक्रम कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२२. चालु आ.व.२०८१/८२ को हालसम्मको यथार्थ आय विवरण यसप्रकार छ ।

- संघीय सरकारको वित्तीय समानीकरण अनुदान रु.९ करोड ९६ लाख ५६ हजार १ सय ६०प्राप्त भएको छ ।
- संघीय सरकार सशर्त अनुदानर रु. ३५ करोड ५६ लाख ७२ हजार रुपैया प्राप्त भएको छ ।
- संघीय सरकार राजश्व बाडँफाड रु.१० करोड ४८ लाख १४ हजार ३ सय ८४ रुपैया प्राप्त भएकोछ ।
- प्रदेश सरकार समानीकरण अनुदान रु.१ करोड २५ लाख ६६ हजार रुपैयाप्राप्त भएको छ ।
- सशर्त अनुदान प्रदेश सरकार रु २ करोड ९५ लाख १८ हजार ५ सय रुपैया प्राप्त भएको छ ।

- प्रदेश सरकार राजश्व बाँडफाँड वापत रु.९ लाख ४४ हजार ५ सय ७४ रुपैया प्राप्त भएको छ ।
- नगरपालिकाको आन्तरिक राजश्व रु.७० लाख रुपैया प्राप्त भएको छ ।
- गत वर्षको अल्या  रकम रु.४४ लाख रुपैया प्राप्त भएको छ ।

**कूल आय ६२ करोड ६३ लाख २१ हजार ६ सय १८ प्राप्त भएको छ भने जम्मा रु.४७ करोड ५९ लाख ४२ हजार ९ सय ८१ रुपैयाखर्च भएको छ ।**

- त्यसै गरीचालु आ.व. २०८१/०८२ मा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान, राजश्व बाँडफाँड र आन्तरीक श्रोत गरी कुल आयतर्फ ८८.८३ प्रतिशत र व्ययतर्फ ७६ प्रतिशत भएको छ ।
- हालसम्म विनियोजन भएको रकमको कूल ११/१७ प्रतिशतले हुन आउने रकम ४ करोड १९ लाख ८४ हजार ८ सय ८२ रकम प्राप्त नहुने देखिन्छ ।
- संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदानको कूल विनियोजित बजेटको ८.३१ प्रतिशतले हुन आउने रकम ९० लाख ४३ हजार ८ सय ४० प्राप्त नहुने भएको छ ।
- संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँडको कूल विनियोजित बजेटको २२.३० प्रतिशतले हुन आउने रकम रु.३ करोड ८५ हजार ६ सय १६ प्राप्त नहुने देखिन्छ ।
- प्रदेश सरकारबाट प्राप्त हुने राजश्व वाँडफाँडको कूल विनियोजित बजेटको ४७.५२प्रतिशतले हुन आउने रकम८ लाख ५५ हजार ४ सय २६ प्राप्त नहुने देखिन्छ ।
- नगरपालिकाको चालु आ.व. को लागि प्रस्तावित ९० लाखको २२.२२ प्रतिशतले हुन आउने रकम रु.२० लाख कम राजश्व संकलन हुने अनुमान छ ।
- माथि उल्लेखित मध्ये नगरपालिकाबाट विनियोजन हुने शिर्षक वित्तिय समानीकरण अनुदान, राजश्व बाँडफाँड र आन्तरिकअनुमानित श्रोत अन्तर्गत १५.४८ प्रतिशतले हुन आउने रकम ४ करोड १९ लाख ८४ हजार ८ सय ८२ यो आर्थिक वर्षमा प्राप्त नहुने र आगामी आ.व. २०८२/०८३ मा त्यसको दायित्व सिर्जना हुने  देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आ.व. ०८१/०८२ मा क्षेत्रगत बजेटको विनियोजन र खर्चको अवस्थाबारे सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु।

**तपसिल :**

| शिर्षक | अनुमानित | हालसम्म प्राप्त | प्राप्त बजेट प्रतिशत | हालसम्मको खर्च | प्राप्त भएको बजेटको खर्च प्रतिशत | प्राप्त नभएको बजेट | प्राप्त नभएको बजेट प्रतिशत | नगरपालिकाबाट विनियोजन हुने मध्ये प्राप्त नभएको |
|---|---|---|---|---|---|---|---|---|
| **संघीय सरकार** | | | | | | | | |
| वित्तिय समानीकरण अनुदान | १०८७०००००० | ९९६५६१६० | ९१.६८ | ८२०५६६७१ | ८२ | ९०४३८४० | ८.३२ | ९०४३८४० |
| सशर्त अनुदान | ३५३६९४००० | ३३८४७२००० | ९५.७० | २४५८५५४२० | ७३ | १५२२२००० | ४.३० | ० |
| पुँजीगत सशर्त | १८६००००० | १७२००००० | ९२.४७ | ६७९२२४३ | ३९ | १४००००० | ७.५३ | ० |
| समपुरक | ५०००००० | ० | ०.०० | ० | ० | ५०००००० | १०० | ० |
| राजश्व बाँडफाँड | १३४९००००० | १०४८१४३८४ | ७७.७० | १०३२४१०८० | ९८ | ३००८५६१६ | २२.३० | ३००८५६१६ |
| **जम्मा** | **६२०८९४०००** | **५६०१४२५४४** | **९०.२२** | **४३७९४५४१४** | **७८** | **६०७५१४५६** | **९.७८** | **३९१२९४५६** |
| **प्रदेश सरकार** | | | | | | | | |
| समपुरक अनुदान | १५०००००० | ११२५०००० | ७५.०० | ५१८६०२९ | ४६ | ३७५०००० | २५.०० | ० |
| वित्तिय समानीकरण अनुदान | १२५६६००० | १२५६६००० | १००.०० | ६८६४१८६ | ५५ | ० | ०.०० | ० |
| सशर्तअनुदान चालु | ३३५८००० | २५१५५०० | ७४.९१ | ९८०००० | ३९ | ८४२५०० | २५.०९ | ० |
| सशर्तअनुदान पुँजीगत | ३७५००००० | २७००३००० | ७२.०१ | १८४७०९८६ | ६८ | १०४९७००० | २७.९९ | ० |
| राजश्वबाँडफाँड | १८००००० | ९४४५७४ | ५२.४८ | ० | ० | ८५५४२६ | ४७.५२ | ८५५४२६ |
| **जम्मा** | **७०२२४०००** | **५४२७९०७४** | **७७.२९** | **३१५०१२०१** | **५८** | **१५९४४९२६** | **२२.७१** | **८५५४२६** |
| **नगरपालिका** | | | | | | | | |
| राजश्व अनुमान/ प्रक्षेपण | ९०००००० | ७०००००० | ७७.७८ | २०९६३६६ | ३० | २०००००० | २२.२२ | २०००००० |
| अ.ल्या. | ४४००००० | ४४००००० | १००.०० | ४४००००० | १०० | ० | ०.०० | ० |
| **जम्मा** | **१३४०००००** | **११४०००००** | **८५.०७** | **६४९६३६६** | **५७** | **२००००००** | **१४.९३** | **२००००००** |
| **कूलसंघ+प्रदेश+ नगरपालिका** | **७०४५१८०००** | **६२५८२१६१८** | **८८.८३** | **४७५९४२९८१** | **७६** | **७८६९६३८२** | **११.१७** | **४१९८४८८२** |

**आदरणीय सभा अध्यक्षज्यू,**

अब म आगामी आ.व. ०८२/०८३ को बजेटको सोच (Vision), लक्ष्य (Goal) र उद्देश्य (Mission) प्रस्तुत गर्दछु ।

**दिर्घकालीन सोच (Vision):**

यस बजेटको सोच "**समृद्ध छेडागाड हाम्रो भविष्य**" रहेको छ ।

**लक्ष्य (Goal) :**

उपलब्ध श्रोत-साधनको समुचित उपयोग, व्यवसायिक उत्पादन र न्यायोचित वितरणमार्फत् आत्मनिर्भर, समृद्ध र समुन्नत छेडागाड नगरपालिका बनाउने यस बजेटको लक्ष्य तय गरेको छु ।

**उद्देश्य (Mission)**

- छेडागाड नगरपालिकाको वडा नं. ५ चंखिलामा निर्माणाधिन  नगरपालिकाको प्रशासकीय भवनको पुर्णतामा ध्यान दिदै बाँकी काम आगामी ६ महिनाभित्र  सम्पन्न गरी आफ्नै भवनबाट सेवा संचालन गर्ने ।
- छेडागाड नगरपालिकामा उपलब्ध भौतिक,मानविय एवम् प्राकृतिक श्रोत-साधनको समुचित प्रयोग गरी कृषि, उद्योग, पर्यटन, पशुपंक्षि व्यवसाय, खानीतथा जडिवुटी क्षेत्रको व्यवस्थापन गरी व्यवसायिक उत्पादन वृद्धि मार्फत र स्वरोजगार सिर्जना गर्ने ।
- सार्वजनिक शिक्षालाई प्रभावकारी र गुणस्तरीय बनाउनको लागि विद्यालय मर्ज, शिक्षक दरवन्दि मिलान शिक्षक, विद्यालय कर्मचारी, विद्यालय व्यवस्थापन समिति अभिभावक, वालक्व, वालसञ्जालको क्षमता विकासका तालिम संचाल, गरी व्यवसायीक पेशागत व्यवहारिक सचेतना अभिवृद्धि गर्न ।
- गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउन स्वास्थ्य संस्थाहरुमा आवश्यक दक्ष जनशक्ति औषधी उपकरणको  आपुर्ती व्यवस्थापन गरी गुणस्तरिय र सर्वसूलभ स्वास्थ्य सेवा उपलव्ध गराउने ।
- यस नगरपालिकामा रहेका १३ वटा वडा मध्ये ५ वटा वडाहरुको आफ्नै पक्की भवनबाट वडा कार्यालयहरु संचालन भइरहेको छ भने आगामी आ.व. २०८२/०८३ मा थप २ (१३ र १) को वडा कार्यालहरु निर्माणको चरणमा रहेको हुनाले आगामी आ.व. को पहिलो चौमासिक भित्र कार्यालय संचालन गर्ने । कच्ची भवन भएका र भाडाका संचालन भएका सबै वडाहरुको पक्की भवन निर्माण गरी आफ्नै भवनहरुबाट सेवा संचालन गर्ने ।
- बालमैत्री स्थानीय शासन पालिका घोषणा, पूर्ण सरसफाईयुक्त पालिका घोषणा र बालश्रममुक्त पालिका घोषणा गर्ने ।
- सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गरी सेवा प्रवाहमा नागरिकको सहज पहुँच कायम गर्ने र सबै नागरिकहरुलाई सुशासनको प्रत्याभूति दिलाउने ।

- मौसमी रुपमा देखापर्ने महामारी तथा प्राकृतिक विपद जोखिम न्यूनिकरणमा सहयोग पुग्ने गरी नगरपालिका तथा वडा स्तरमा रहेका समितिहरुलाई उद्दार, राहत तथा पुनस्थापनाका लागि तयारी अवस्थामा राख्ने ।
- नगरपालिकाको लागि आवश्यक विभिन्न क्षेत्रका गुरुयोजनाहरु निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- छेडागाड नगरपालिकालाई सूचना प्रविधि मैत्री पालिका (E-Municipality) निर्माण गर्ने ।

**सभाध्यक्ष महोदय,**

**अब म आ.व. २०८२/०८३ को बजेटका अपेक्षित उपलब्धी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- आफ्नै प्रशासकीय भवनवाट सेवा प्रवाह गर्ने व्यवस्था गरी वर्षेनी ठुलो परिणाममा खर्च हुने घरभाडा तर्फको व्ययभार कम हुनेछ ।
- विगत वर्षदेखि संघ तथा प्रदेश सरकारबाट बजेट विनियोजन भई ठेक्का सम्झौता तथा उपभोक्ताबाट संचालन भएका क्रमागत र अधुरा प्रकृतिका आयोजनाहरु सम्पन्न हुनेछन ।
- भुकम्प प्रभावित निजि आवास प्रवलिकरण पुःननिर्माणको कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी भुकम्पले क्षती भएका निजि तथा सार्वजनिक संरचनाहरुको निर्माण भई नागरिकहरुको जीवनयापन सहज हुनेछ ।
- कृषि क्षेत्रको आधुनिकिकरण, व्यवासायीकरण र बजारीकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि भई कृषि स्वरोगारमार्फत आर्थिक उपार्जनमा टेवा पुग्नेछ ।
- आर्थिकतथासामाजिक रुपमा रहेको असमानता र विभेद अन्त्य गर्दै आत्म निर्भर नगरपालिका निर्माणमा सहयोग पुग्नेछ ।
- सहज जीवनयापन र गुणस्तरीय सेवाका लागि भौतिक पूर्वाधारहरुको विकासहुनेछ ।
- शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा नागरिकको सहज पहुँच स्थापित गरी दक्ष जनशक्ति उत्पादन गर्ने र उनीहरुलाई प्रभावकारीरुपमा परिचालन गरिनेछ ।
- विद्यालयहरुको भौतिक सुधार एवं विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिबृद्धि भई दक्ष जनशक्ती उत्पादनमा सहयोग पुग्नेछ ।
- जलवायु परिवर्तनद्वारा सिर्जित प्रभाव तथा असरहरुसँग जुध्नका लागि जलवायू अनुकुलन, न्यूनिकरण र समयानुकुलन योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमार्फत जलवायूमैत्री नगरपालिका निर्माणहुनेछ ।
- नगरपालिकाको सार्वजनिक सेवा प्रवाहको सन्दर्भमा आमनागरिकरुको असन्तुष्टिलाई सम्वोधन गर्नका लागि हरेको क्षेत्रको ढिलासुस्ती, अन्यौलता, अकर्मण्यता लगाएतका क्रियाकलाहरुको नियन्त्रण गरी जनमुखि प्रशासन, सुशासनयुक्त नगरपालिका निर्माणमा सघाउ पुग्ने देखिन्छ ।

- सहिद परिवार, वेपत्ता, घाईते योद्धा, ज्येष्ठनागरिक, एकल महिला, बालबालिका, शारिरिकरुपमा अशक्त फरक क्षमता भएका, दलित आदिवासी वर्ग र क्षेत्रहरुलाई प्राथमिकतामा राखि लक्षित कार्यक्रमहरुको सञ्चालनमार्फत त्यस्ता वर्ग क्षेत्रहरुको सामाजिक सुरक्षा र संरक्षण हुनेछ ।
- बालमैत्री स्थानीय शासनको अवधारणा बमोजिम आ.व. २०८२/०८३ को अन्त्य सम्म यस नगरपालिकाका ४ वटा वडाहरु बालमैत्री स्थानीय वडा घोषणा हुनेछन् ।
- नगरपालिकाको संस्थागत सेवा सुशासन र सुदृढिकरणमार्फत वित्तिय जोखिम न्यूनिकरणमा सहयोग पुग्नेछ ।
- छेडागाड नगरपालिकाको आन्तरिक राजश्व संकलन कार्यलाई व्यवस्थित वनाउन करका दायरा विस्तार गरी नीजि क्षेत्रलाई लगानीमा आकर्षित गर्नका लागि करदातामैत्री नीति अवलम्वन गरी करका दायरा र दरमा हेरफेर गरी राजश्व सुधार कार्ययोजना निर्माण गरी प्रभावकारी कार्यान्वयनमा टेवा पुग्नेछ ।

**सभाध्यक्ष महोदय,**

**म अब यस नगरसभामा आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख कानुनी तथा नीतिगत आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त हस्तान्तर णऐन, २०७४
- कर्णाली प्रदेश दोस्रो पञ्चवर्षिय आवधिक योजना
- कर्णाली प्रदेश सरकारको वनियोजन ऐन,२०८२,
- चालु सोह्रौं आवधिक योजना,
- संघीय सरकारका नीति, कार्यक्रम तथा बजेट वक्तव्य, (२०८२/०८३)
- प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेट वक्तव्य,(२०८२/०८३)
- छेडागाड नगरपालिकाको आवधिक योजना,
- छेडागाड नगरपालिकाको आर्थिक ऐन, २०८२,
- छेडागाड नगरपालिकाको विनियोजन ऐन, २०८२,
- दिगो विकास लक्ष्य, (सन् २०१५-२०३०),
- छेडागाड नगरपालिकाको नगर प्रोफाइल,
- वस्ती तथा टोलस्तरीय भेला, वडा समिति हुदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्वारा आएका आयोजना तथा कार्यक्रमहरु ।
- छेडागाड नगरपालिकाको क्षेत्रमा विद्यमान विकाससम्बन्धी अवसर तथा चुनौती र वस्तुस्थिति अवस्थाको विश्लेषण ।

- विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले प्राथमिकताकासाथ कार्यान्वयनको लागि तय गरिएका परियोजना तथा कार्यक्रमहरु ।

**सभाअध्यक्ष महोदय,**

**अबमआ.व. २०८२/०८३ को बजेटका मुख्य मुख्य कार्यक्रमहरु र सो शीर्षकमा विनियोजित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. **क्रमागत तथा अधुरा योजनाहरु तर्फ** :

- विगतका वर्षहरुमा संघीय सरकार, प्रदेश सरकार तथा अन्य निकायहरुबाट बजेट विनियोजन भई निर्माणको कार्य थालनी भएका छेडागाड नगरपालिकाभित्रका केही विद्यालयहरु,स्वास्थ्य संस्थाहरुका कार्यालय भवनहरु,वडा कार्यालयका भवनहरु, तथा अन्य भौतिक संरचनाहरु आंशिक रुपमा मात्र निर्माण भई बजेट अभावको कारण अलपत्र र अधुरा रहेका। उक्त योजना तथा आयोजनहरुको भुक्तानी चालु आ.व.मा नहुने अवस्थालाई मध्यनजर गरी उल्लेखित अधुरा आयोजनाहरुको प्राथमिकीकरण गरी निर्माण सम्पन्न गर्नको लागि आगामी आर्थिक वर्ष २०८२/०८३ मा रु.७० लाख रकम विनियोजन गरेको छु ।
छेडागाड नगरपालिकाको मिति २०८०/११/२५ मा बसेको १५ औं नगरसभाको बैठकले छेडागाड नगरपालिकाको वडा नं. १२ को वडाको प्रशासनिक केन्द्र साविकको पोखराबाट पालेबाट सार्ने निर्णय गरेको र निर्णय भएको कुरा जानकारी भए लगत्तै उक्त निर्णय कार्यान्वयन नगर्न नगराउन त्यहाँका स्थानीय बासीहरुद्वारा यस छेडागाड नगरपालिकामा लिखित रुपमा डेलिगेशन तथा उजुरी प्राप्त भएको र सोही समयमा १२ नं. वडा कार्यालय पालेबाटमा सारी संचालनमा रहेको हुनाले नगरसभाको निर्णय बदर गरी साविककै स्थानबाट कार्यालय संचालन गरिपाउँ भनि सम्मानित उच्च अदालत सुर्खेतमा मुद्दा दायर गरे पश्चात् सम्मानित उच्च अदालतको मिति २०८२/०२/०६ को परमादेशको आदेश बमोजिम साविककै स्थान पोखराबाट कार्यालय संचालन गर्ने भनि आदेश प्राप्त भएको हुनाले हाल संचालनमा रहेको वडा नं. १२ को वडा कार्यालय साविककै स्थान पोखरामा सारी संचालन गर्न कार्यालय संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४.**

छेडागाड नगरसभा, छेडागाड नगरपालिका नगरकार्यपालिकाको कार्यालय कार्कीगाउँ जाजरकोट, जिल्ला जाजरकोट छेडागाड नगरपालिका, नगरकार्यपालिका र नगरपालिकासँग सम्बन्धित उत्प्रेषण/परमादेश मुद्दामा छेडागाड नगरसभा, छेडागाड नगरपालिका नगरकार्यपालिकाको कार्यालय कार्कीगाउँ जाजरकोट, जिल्ला जाजरकोट छेडागाड नगरपालिका, नगरकार्यपालिका र सोसँग सम्बन्धित व्यक्ति तथा संस्थाको तर्फबाट वर्षभरी हुने रिट निवेदनमा जिल्ला अदालत, उच्च अदालत

सुर्खेत, सर्वोच्च अदालत काठमाडौं, तथा अन्य निकायहरुमा उपस्थित भई लिखित जवाफ तयारी गरी पेश गर्न, तारेखमा रही पुर्पक्ष गर्न, प्रमाण पेश गर्न, अन्तरिम आदेश सम्बन्धी छलफलमा उपस्थित भई पुर्पक्ष गर्न, कानून व्यवसायी नियुक्त गर्न, सम्पूर्ण कानूनी परामर्श गर्न र कानून बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्नका लागि  यस नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री हेमकुमार ढकाललाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५.**

छेडागाड नगरपालिकाको वडा नं. १ को वडा कार्यालयको भवन निर्माणको लागि समपुरक अनुदान वापत संघीय सरकारबाट रु. ५२,००,०००/- (अक्षेरुपी बाउन्न लाख रुपैया मात्र) प्राप्त भएको र नगरपालिकाले व्यहोर्ने २० प्रतिशत रकम रु. १०,४०,०००/- (अक्षेरुपी दश लाख चालिस हजार रुपैया मात्र) बाट वडा कार्यालयको भवन निर्माण सम्पन्न नहुने भएकोले उक्त भवन निर्माणको लागि आवश्यक पर्ने नपुग रकम नगरपालिकाले व्यहोर्ने गरी ठेक्का आह्वान गर्न कार्यालयलाई निर्देशन गर्ने ।

छेडागाड नगरपालिकाको नगर सभा कार्य संचालन नियमावली २०७४ को नियम १४१ उपनियम (१) र (२) बमोजिम यो छेडागाड नगरपालिकाको १८ औं (नवौं बजेट अधिवेशन) नगरसभाको बैठकमा प्रस्तुत भई पारित भएको नीति नीतिगत निर्णयहरु २०८२ प्रमाणित गर्दछु ।

**रत्न बहादुर खड्का**
अध्यक्ष

# विनियोजन ऐन, २०८२

छेडागाड नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

**सभाबाट स्वीकृत मितिः २०८२ असार १० गते**

**प्रस्तावनाः**

छेडागाड नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम छेडागाड नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "छेडागाड नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक बर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक बर्ष २०८२/०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **७३,७४,३१,७७३।-** (अक्षरुपीः त्रिहत्तर करोड चौहत्तर लाख एकतिस हजार सात सय त्रिहत्तर मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त छेडागाड नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र

ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

तर, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची—१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

**७३,७४,३१,७७३।–**

(अक्षेरुपीः त्रिहत्तर करोड चौहत्तर लाख एकतिस हजार सात सय त्रिहत्तर मात्र)

छेडागाड नगरपालिकाको अर्थ सम्बन्धि व्यवस्था गर्न बनेको ऐन

# आर्थिक ऐन, २०८२

**प्रस्तावनाः**

छेडागाड नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्वन्धी प्रस्तावनालाई कार्यन्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम छेडागाड नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "छेडागाड नगरपालिकाको आर्थिक ऐन, २०८१"रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि  छेडागाड नगरपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पति करः**

(१) छेडागाड नगरपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइनेछ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन देहायका आधारमा गर्नुपर्नेछ।

(क) घर र घर जग्गाको आकार प्रकार बनोट र उपयोगको अवस्था

(ख) घर र घर जग्गाको चलन चल्तिको मूल्य घरको ह्रास मूल्य

(ग) घर र घर जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैन।

(क) नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा

(ख) सरकारी अस्पतालको घर र घरजग्गा

(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएको सरकारी शिक्षण संस्था कम्पनी समिति प्राधिकरण, बोर्ड र सरकारी संस्थाको घर र घरजग्गा

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघसंस्थाको कम्पनी घर र घरजग्गा

(च) धार्मिक संस्था (मन्दिर गुम्वा चर्च मस्जिद आदी) को घर र घरजग्गा

(छ) खानेपानी संकलन पोखरी विद्युत गृह मसानघाट विमानस्थल वसपार्क रंगशाला उद्यान पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु

(ज) राजदुतावास बाणिज्य नियोग कुटनैतिक नियोगका घर र घरजग्गा

**३. भूमि कर (मालपोत)**

(१) छेडागाड नगरपालिकाले नगरपालिकाका क्षेत्रभित्र अनुसूची-२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

(२) एकीकृत सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन।

(३) प्रत्येक आ.ब. को समाप्तिसम्म नबाएमा बक्यौता रकमको १० प्रतिशत जरिवाना लगाइने छ।

**४. घर जग्गा बहाल करः** छेडागाड नगरपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर कारखाना जग्गा अथवा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिइएकोमा अनुसूची-३ बमोजिम घर जग्गा वहाल कर लगाइने वा असुल उपर गरिनेछ।

**५. व्यवसाय करः** छेडागाड नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी वा आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने वा असुल उपर गरिनेछ।

**६. जडिबुटी, कृषिजन्य उपज, कवाडी र जीवजन्तु करः** छेडागाड नगरपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कृषि जन्य उत्पादन बस्तुको निर्यात, ऊनकवाडी माल र वनकस जडिबुटी खोटो प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुका हाड छाला प्वाख सिँङजस्ता व्यवसायिक कारोवार गरे वापत् अनुसूची-५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ। तर प्रचलित कानूनले निषेध गरिएको हकमा भने उल्लेखित व्यवस्था लागु

हुने छैन ।

**७. सवारी साधन कर**: नगरपालिकले रिक्सा अटो रिक्सा र ई-रिक्साको अनुसूची-६ बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिनेछ ।

**८. विज्ञापन कर**: छेडागाड नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

**९. मनोरञ्जन कर**: छेडागाड नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा कर्णाली प्रदेश सरकारको आर्थिक ऐनमा तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

**१०. बहाल बिटौरी कर**: छेडागाड नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालनगरेका हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत् अनुसूची-८ मा उल्लेखित बहाल बिटौरी शुल्क लगाइनेछ र असुल उपर गरिनेछ ।

**११. सेवा शुल्क दस्तुर**: छेडागाड नगरपालिका निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची-९ मा भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ । तर तोकिएको स्थानीय पूर्वाधारको काम सम्पन्न नगर्ने व्यक्ति र उपभोक्ता समितिबाट अनुसूची-१० बमोजिम दण्ड जरिवाना लगाइने र असुल उपर गरिनेछ ।

**१२. खानी तथा खनिज शुल्क**: छेडागाड नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका खानीहरुको उत्खनन तथा निकासीका गि सिफारिस र दर्ता एवम् निकासी परिमाणमा अनुसूची-११ मा उल्लेखित दरमा खानी तथा खनिज शुल्क लगाइने र असुल उपर गरिनेछ । तर संघ तथा प्रदेश कानूनसंग बिझिने गरी कुनै किसिमको कर लगाइने वा असुल गरिनेछ ।

**१३. सामुदायिक वनबाट आय प्राप्त गर्ने**: सामुदायिक वन उपभोक्ता समितिले वन पैदावन विक्रि तथा उपयोग सम्वन्धी आफ्नो वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गराई अनुसूची-१२ मा उल्लेखित दरमा सामुदायिक वन उपभोक्ता समितिबाट वन पैदावारको विक्रि वापत प्राप्त हुने रकम असुल उपर गरिनेछ ।

**१४. पार्किङ शुल्क**: नगरपालिका क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलव्ध गराए वापत अनुसूची-१३ मा उल्लेखित शुल्क लगाइने तथा असुल उपर गरिनेछ ।

**१५. दण्ड जरिवाना**: यस ऐनको विभिन्न अनुसूचीमा तोकिएको दरमा तोकिएको समयावधीमा कर, सेवा शुल्क, दस्तुर नतिर्ने करदाता (व्यक्ति, व्यवसायी, कम्पनी, संघ संस्था आदी) लाई प्रति वर्ष १० प्रतिशतको दरले दण्ड जरिवाना थप गरी असुल उपर गरिनेछ भने दहत्तर वहत्तर सम्वन्धि दण्ड जरिवाना अनुसूची -११ वमोजीम हुनेछ ।

**१६. कर, शुल्क वा दस्तुर लगाउन नपाउने**:नगरपालिकाले प्रचलित कानून बमोजिम कूटनीतिक नियोग वा कूटनीतिज्ञलाई कर नलाग्ने विषयमा कर लगाउने छैन ।

**१७. कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१८. नियम, कार्यविधी र मापदण्ड बनाउन सक्ने**: यस ऐनमा भएका व्यवस्थालाई कार्यन्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधी र मापदण्ड बनाउन सक्नेछ ।

**१९. यसै बमोजिम भएको मानिने**: यो ऐन जारी हुनु भन्दा अघि भएका कर, सेवा शुल्क, दस्तुर तथा अन्य व्यवस्थाहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

**अनुसूची-१**
**(दफा २ को सम्पत्ति कर सँग सम्वन्धित)**

घर र घरले ओगटेको क्षेत्रफलको कर

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | रु. १ देखि रु १ लाखसम्म | १००।- | |
| २ | रु १ लाख १ रुपैयाँ देखि रु ५ लाखसम्म | २५०।- | |
| ३ | रु ५ लाख १ रुपैयाँ देखि रु १० लाखसम्म | ५००।- | |
| ४ | रु १० लाख १ रुपैयाँ देखि रु २० लाखसम्म | ७५०।- | |
| ५ | रु २० लाख १ रुपैयाँ देखि रु ५० लाखसम्म | १०००।- | |
| ६ | रु ५० लाख १ रुपैयाँ देखि रु १ करोडसम्म | २०००।- | |
| ७ | रु १ करोड १ रुपैयाँ देखि रु २ करोडसम्म | ५०००।- | |
| ८ | रु २ करोड १ रुपैयाँ देखि रु ५ करोडसम्म | १००००।- | |
| ९ | रु ५ करोड १ रुपैयाँ देखि माथि | रु. १ प्रति हजार | |

**अनुसूची-२**
**(दफा ३ को भूमि कर(मालपोत) सँग सम्वन्धित)**

| क्र.सं. | जग्गाको विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मध्य पहाडी लोकमार्ग आसपास ५० मिटर भित्र | प्रति रोपनी रु. १६०।- | |
| २ | थलह,रादेउ, मनाघाट, मिलबजार, मटेलाबाटुले वाजार क्षेत्र | प्रति रोपनी रु. १००।- | |
| ३ | छेडा-मनाघाट चंखिला थलह सुवानाउली सडक आसपास ५० मिटर भित्र | प्रति रोपनी रु. ५०।- | |
| ४ | सडक पहुँच भएको ५० मिटर क्षेत्र भित्र | प्रति रोपनी रु. ४०।- | |
| **नगर क्षेत्रको अन्य जग्गामा** | | | |
| **क्र.सं.** | **जग्गाको विवरण** | **करको दर (रु.)** | **कैफियत** |
| १ | अब्बल | ०० | |
| २ | दोयम | ०० | |
| ३ | सिम | ०० | |
| ४ | चाहार | ०० | |
| ५ | अन्य जग्गा | प्रतिरोपनी रु ३०।- | |

**अनुसूची-३**
**(दफा ४ को घर जग्गा बहाल कर सँग सम्वन्धित)**

| क्र.सं. | जग्गाको विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | सम्झौता तथा भुक्तानी रकमको | १० प्रतिशत | |

## अनुसूची-४
### (दफा ५ को व्यवसाय कर सँग सम्वन्धित)

| क्र.सं. | व्यवसायको विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| **क** | **सुनचाँदीको गरगहना** | | |
| १ | वार्षिक रु. १० लाख सम्मको खुद्रा कारोवारमा प्रतिवर्ष | १५००।- | |
| २ | वार्षिक रु. ३० लाख सम्मको खुद्रा कारोवारमा प्रतिवर्ष | २०००।- | |
| ३ | वार्षिक रु. ३० लाख भन्दा माथिको खुद्रा कारोवारमा प्रतिवर्ष | २५००।- | |
| ४ | थोक व्यापारमा प्रतिवर्ष | ५०००।- | |
| **ख** | **मदिरा** | | |
| ५ | खुद्रा व्यापारमा प्रतिवर्ष | २०००।- | |
| ६ | थोक व्यापारमा प्रतिवर्ष | ५०००।- | |
| **ग** | **ईलेक्ट्रोनिक, इलेक्ट्रिक** | | |
| ७ | खुद्रा व्यापारमा प्रतिवर्ष | १५००।- | |
| ८ | थोक व्यापारमा प्रतिवर्ष | ५०००।- | |
| **घ** | **खाद्यान्न तथा किराना** | | |
| ९ | घुम्ती र गाउँ क्षेत्रका साना घुम्ति पसल प्रतिवर्ष | १५००।- | |
| १० | वार्षिक १० लाख सम्मको खुद्रा कारोवार गर्ने प्रतिवर्ष | १५००।- | |
| ११ | वार्षिक १० लाख भन्दा माथिको खुद्रा कारोवार गर्ने प्रतिवर्ष | ३०००।- | |
| १२ | खाद्यान्न तथा किराना सामानको थोक प्रतिवर्ष | ५०००।- | |
| **ङ** | **कपडा र फेन्सी** | | |
| १३ | कपडा तथा फेन्सी सामानको खुद्रा प्रतिवर्ष | १५००।- | |
| १४ | कपडा तथा फेन्सी सामानको थोक प्रतिवर्ष | ५०००।- | |
| **च** | **टेलरिङ** | | |
| १५ | कपडा तथा सिलाई कटाई खुद्रा प्रतिवर्ष | १५००।- | |
| १६ | सिलाई कटाई खुद्रा प्रतिवर्ष | १५००।- | |
| **छ** | **औषधीजन्य पसल** | | |
| १७ | औषधी पसल खुद्रा प्रतिवर्ष | १५००।- | |
| १८ | औषधी पसल थोक प्रतिवर्ष | ५०००।- | |
| **ज** | **सुर्तिजन्य पदार्थ** | | |
| १९ | सुर्तिजन्य पदार्थको थोक प्रतिवर्ष | २५००।- | |
| २० | सुर्तिजन्य पदार्थको खुद्रा प्रतिवर्ष | ३५००।- | |
| **झ** | **स्टेशनरी** | | |
| २१ | स्टेशनरी सामानको खुद्रा प्रतिवर्ष | १५००।- | |

| क्र.सं. | व्यवसायको विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| २२ | स्टेशनरी सामानको थोक प्रतिवर्ष | २०००।- | |
| ञ | **भाँडा पसल** | | |
| २३ | भाँडा पसल खुद्रा प्रतिवर्ष | १५००।- | |
| ट | **हार्डवेयर** | | |
| २४ | हार्डवेयर पसल खुद्रा प्रतिवर्ष | २०००।- | |
| २५ | हार्डवेयर पसल थोक प्रतिवर्ष | ५०००।- | |
| ठ | **होटल व्यावसाय** | | |
| २६ | खाजा तथा नास्ताको व्यवसाय प्रतिवर्ष | १५००।- | |
| २७ | खाजा, नास्ता र खाना व्यवसाय प्रतिवर्ष | २०००।- | |
| २८ | खाजा, खाना र बास प्रतिवर्ष | २५००।- | |
| २९ | होम स्टे | २५००।- | |
| ड | **सैलुन व्यवसाय** | | |
| ३० | सैलुन व्यवसाय प्रतिवर्ष | १५००।- | |
| ढ | **निर्माण व्यवसाय र उद्योग** | | |
| ३१ | निर्माण व्यवसाय/उद्योग प्रतिवर्ष | २५००।- | |
| ३२ | उत्पादनमुलक उद्योग व्यवसाय प्रतिवर्ष | २५००।- | |
| ३३ | उर्जामुलक उद्योग प्रतिवर्ष | २५००।- | |
| ३४ | ग्रील उद्योग प्रतिवर्ष | २५००।- | |
| ङ | **गाँजा खेती** | | |
| ३५ | गाँजा खेती अनुमती शुल्क ३ रोपनी सम्म | १५००।- | |
| ३६ | गाँजा खेती अनुमती शुल्क ३ रोपनी देखी ६ रोपनी सम्म | २०००। | |
| ३७ | गाँजा खेती अनुमती शुल्क ६ रोपनी देखी१० रोपनी सम्म | ३०००।- | |
| ३८ | गाँजा खेती अनुमती शुल्क १० रोपनी देखि माथी | ५०००। | |
| ण | **कृषि तथा पशुपंक्षी** | | |
| ३९ | कृषि तथा पशुपंक्षी फर्म/व्यवसाय दर्ता दस्तुर (कारोवार अनुसार अधिकतम रु. ३०००) | १५००।- | |
| ४० | कृषि तथा पशुपंक्षी फर्म/व्यवसाय नवीकरण दस्तुर | १०००।- | |
| ४१ | कृषि तथा पशुपंक्षी फर्म/व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपी दस्तुर | ५००।- | |
| त | **निजी विद्यालय** | | |
| ४२ | शिक्षा क्षेत्रका निजी खोल्ने अनुमति शुल्क | १००००।- | |
| ४३ | निजी विद्यालय व्यवसाय कर नर्सरी – कक्षा ३ सम्म | ६०००।- | |
| ४४ | निजी विद्यालय व्यवसाय कर १-५ कक्षा सम्म | ८०००।- | |

| क्र.सं. | व्यवसायको विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| ४५ | निजी विद्यालय व्यवसाय कर १-८ कक्षा सम्म | १००००।- | |
| ४६ | निजी विद्यालय व्यवसाय कर १-१२ कक्षा सम्म | १५०००।- | |
| **थ** | **ग्यारेज** | | |
| ४७ | दुई पाङ्ग्रे र तीन पाङ्ग्रे ग्यारेज प्रतिवर्ष | १००००।- | |
| ४८ | चार पाङ्ग्रे ग्यारेज प्रतिवर्ष | ७०००।- | |
| **द** | **सहकारी** | | |
| ४९ | वार्षिक रु १० लाख सम्म कारोवार प्रतिवर्ष | ३०००।- | |
| ५० | वार्षिक रु ३० लाख सम्म कारोवार प्रतिवर्ष | ५०००।- | |
| ५१ | वार्षिक रु ३० लाख देखि ५० लाखसम्मको कारोवार प्रतिवर्ष | ७०००।- | |
| ५२ | वार्षिक रु ५० लाख देखि १ करोडसम्मको कारोवार प्रतिवर्ष | १५०००।- | |
| ५३ | वार्षिक रु १ करोड देखि माथिको कारोवार प्रतिवर्ष | २५०००।- | |
| **ध** | **वित्तीय संस्था** | | |
| ५४ | वार्षिक रु ५० लाख सम्म कारोवार प्रतिवर्ष | ५०००।- | |
| ५५ | वार्षिक रु १ करोड सम्म कारोवार प्रतिवर्ष | १००००।- | |
| ५६ | वार्षिक रु १ करोड भन्दा माथि कारोवार प्रतिवर्ष | २५०००।- | |
| **न** | **छापाखाना** | | |
| ५७ | छापाखाना व्यवसाय दर्ता प्रतिवर्ष | ३०००।- | |
| **प** | **अन्य संस्था** | | |
| ५८ | नाफामुलक संस्थाहरु प्रतिवर्ष (व्यवसाय अनुसार अधिकतम रु ५०००) | ३०००।- | |
| ५९ | मनि ट्रान्सफर प्रतिवर्ष | २०००।- | |
| **फ** | **घट्ट/ मिल** | | |
| ६० | दर्ता शुल्क | १०००।- | |
| ६१ | मिल दर्ता | १५००।- | |
| ६२ | मिल नविकरण | १५००।- | |
| ६३ | घट्ट प्रतिवर्ष | १०००।- | |
| **ब** | **फलफुल तथा तरकारी** | | |
| ६४ | सागसव्जी तरकारी तथा फलफुल प्रतिवर्ष | १५००।- | |
| ६५ | माथिका वर्गिकरणमा समावेश नभएका सेवा व्यवसायको कारोवार र स्तर हेरी वार्षिक | १५००।- | |
| **भ** | **पेट्रोलियम पर्दाथ** | | |
| **६६** | पेट्रोलियम पम्प संचालन अनुमति | ५००००।- | |
| **६७** | पेट्रोलियम पर्दाथ खुद्रा व्यापार दर्ता शुल्क | १००००।- | |

| क्र.सं. | व्यवसायको विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| **६८** | पेट्रोलियम पर्दाथ खुद्रा व्यापार व्यवसाय कर | ८०००।- | |
| **६९** | पेट्रोलियम पर्दाथ खुद्रा व्यापार नविकरण | ५०००।- | |
| ७० | मूर्तिकला /हस्तलिखित आर्ट व्यवसाय- | १५०० | |
| **७१** | मासु पसल चिकेन/मटन/वफ | १५०० | |
| **७२** | वेकरि /चाउमिन/दालमोट | १५००।- | |
| **७३** | ईन्टरलकिङ व्लक उद्योग | ३०००।- | |
| **म** | **व्यवसाय दर्ता तथा नविकरण** | | |
| ७४ | व्यवसाय रजिष्ट्रेषण शुल्क | १५००।- | |
| ७५ | व्यवसाय नविकरण दस्तुर | १०००।- | |
| ७६ | जरिवाना (बिलम्ब शुल्क) | ३०००।- | |

**नोटः** दुई वा सो भन्दा वढी फरक फरक प्रकृतिका व्यवसाय गर्ने व्यवसायीलाई अनुसूची-४ मा उल्लेखित करको दर अनुसार फरक कारोवारको फरक फरक कर असुल गरिनेछ ।

## अनुसूची-५
## (दफा ६ को जडिबुटि, कृषिजन्य उपज, कवाडी र जीवजन्तु कर सँग सम्वन्धित)

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | चुके लट्टी प्रति क्विन्टल | ११००।- | |
| २ | टिमुर प्रति क्विन्टल | ५००।- | |
| ३ | गुच्ची च्याउ प्रति किलो | १०००।- | |
| ४ | पुन्य च्याउ प्रति किलो | २००।- | |
| ५ | खिराङ्गलो प्रति किलो | १५।- | |
| ६ | भिरमौरी मह प्रति किलो | ४०।- | |
| ७ | खोटो जम्मा प्रतिटिन | २१।- | |
| ८ | लसुन प्रति के जी | १।- | |
| ९ | सेराना जात मह प्रति के जी | २०।- | |
| १० | किवि प्रति के जी | ३।- | |
| ११ | सुन्तला प्रति के जी | १।- | |
| १२ | मौरी गोला सहित आधुनिक घार प्रति घार | १००।- | |
| १३ | पदमलाल्नो प्रति के जी | ०० | |
| १४ | निषेधित बाहेकका वनजन्य पशुजन्य र कवाडीजन्य वस्तुहरु (माथी उल्लेख नगरिएका वस्हरुमा) प्रति ट्रक रु | ३०००।- | |
| १५ | फलफुल बिरुवा प्रति गोटा | १।- | |

| क्र.सं. | विवरण | | करको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १६ | निषेधित वाहेक उत्तीस /सिमल / सल्लीको गोलिया र अन्य काठजन्य वस्तुहरु प्रति क्यूफिट | | ३।- | |
| १७ | काउलोको बोक्रा / सिलपाउरी/ तेजपत्ता प्रति ट्रक | | २५००।- | |
| १८ | सल्लीको दियालो (झरो)/ चुत्राको बोक्रा(डाँठ)/छोड पूर्जीमा भएको केजी आधारमा | | | |
| | १.के.जी | २००० के.जी सम्म | २०००।- | |
| | २००० | ३००० | २५०० | |
| | ३००० | ४००० | ३००० | |
| | ४००० | ५००० | ३५०० | |
| | ५००० | ७००० | ४००० | |
| | ७००० माथी | | ६०००।- | |
| १९ | झ्याउ प्रति क्युन्टल | | २५००।- | |
| २० | बोजो प्रति क्युन्टल | | १५०।- | |
| २१ | मकै प्रति क्युन्टल | | २५।- | |
| २२ | भटमास प्रति क्युन्टल | | ५०।- | |
| २३ | लोक्ता प्रति क्युइन्टल | | १००।- | |
| २४ | कटुको प्रति क्युइन्टल | | १००।- | |
| २५ | **कृषी पशुपन्क्षी सम्वन्धि दस्तुर** | | | |
| क | कृतिम गर्भधान शुल्क (गाई र भैसी ) शुल्क | | १००।- | |
| ख | पशु बन्ध्याकरण (वोका लगायत सानो पशु चौपाय )शुल्क | | ५०।- | |
| ग | पशु बन्ध्याकरण (वहर राँगो लगायत ठुलो पशु चौपाय )शुल्क | | १००।- | |
| घ | पशु बन्ध्याकरण (सुगुर लगायत सानो पशु चौपाय )शुल्क | | ७०।- | |
| ङ | कृषी पशुपन्क्षी फर्म/ समुह आवेदन शुल्क | | २००।- | |
| च | फर्म /समुह/दर्ता सवै प्रमाण पत्र | | ५००।- | |
| ट | फर्म /समुह/दर्ता सवै प्रमाण पत्र प्रतिलिपि | | १०००।- | |
| ज | शाखा वाट दिईने अन्य सिफारिस | | २००।- | |
| **२६** | **कृषी पशुपन्क्षी उपचारको लागि नाम दर्ता शुल्क** | | | |
| क | पंक्षी प्रजाति कुखुरा हाँस लगायत अन्य प्रति वटा | | २।- | |
| ख | गाई गोरु/राँगा भैसि/घोडा खच्चर लगायत प्रति वटा | | ५० | |
| ग | कुकुर /विराला लगायत | | १०।- | |
| २७ | **कृषी पशुपन्क्षी शाखा तर्फको प्रयोगशाला सेवा शुल्क** | | | |
| क | गोवर/थुनेलो परीक्षण शुल्क प्रति वटा | | ५०।- | |
| ख | माटो परिक्षण शुल्क प्रति वटा | | १००।- | |
| ग | रेविज खोप प्रति वटा | | ३०।- | |

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| घ | | | |
| २८ | **कृषी पशुपन्क्षी शाखा तर्फको पोष्टमार्टम सेवा शुल्क** | | |
| क | पशुजन्य तर्फ प्रति वटा | १००।- | |
| ख | साना चौपाया प्रति वटा | ५००।- | |
| ग | ठुला चौपाया | १०००।- | |
| | | | |
| | | | |

**अनुसूची-६**
**(दफा ७ को सवारी साधन कर सँग सम्वन्धित)**

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | रिक्सा अटो रिक्सा तथा ई-रिक्सा दर्ता शुल्क | ५०००।- | |
| २ | रिक्सा अटो रिक्सा तथा ई-रिक्सा नवीकरण शुल्क | २०००।- | |
| ३ | रिक्सा अटो रिक्सा तथा ई-रिक्सा बाटो इजाजतपत्र दस्तुर | ५००।- | |
| ४ | रिक्सा अटो रिक्सा तथा ई-रिक्साको अन्य सेवा शुल्क तथा कर सम्वन्धि व्यवस्थाहरु | सवारी साधन सञ्चालन मापदण्ड बमोजिम | |

**अनुसूची-७**
**(दफा ८ को विज्ञापन कर सँग सम्वन्धित)**

| क्र.सं. | विवरण | करको दर(रु.) | कैफियत |
|---|---|---|---|
| **१** | **नगर क्षेत्रमा प्रचार आदिका लागि राख्ने साइनबोर्डमा कर लाग्नेछ** | | |
| १.१ | डिजिटल डिस्प्लेहरु प्रति वर्गफिट | ५००।- | |
| १.२ | पर्खाल वार भित्ता आदिमा आफ्नो संस्थाको रंग पोत्ने प्रति वर्गफिट | ५००।- | |
| १.३ | सार्वजनिक स्थान प्रतिक्षालयमा राख्ने विज्ञापन सामाग्रीमा प्रति वर्गफिट | ३००।- | |
| १.४ | उपरोक्त बाहेकका अन्यका हकमा प्रति वर्गफिट | ५००।- | |
| १.५ | पोल व्यानर प्रति हप्ता प्रति व्यापार | ५००।- | |
| १.६ | खेलकुद मैदानमा गरिने विज्ञापन प्रतिदिन | २००।- | |
| १.७ | ठेलागाडा रिक्सामा गरिने प्रचार प्रतिदिन | ४०।- | |
| **२** | **सवारी साधनमा गरिने विज्ञापन** | | |
| २.१ | सवारी साधनको छतमा गरिएको विज्ञापन प्रति वर्गफिट | ५०।- | |
| २.२ | सवारी साधनको ढोका वा अन्य भागको विज्ञापन प्रति वर्गफिट | ४०।- | |
| २.३ | सवारी साधनको पछाडी पट्टीको सिसामा विज्ञापन प्रति वर्गफिट | ६०।- | |
| २.४ | सवारी साधनमा विज्ञापन प्रयोजनका लागि माईकिङ्ग प्रतिदिन | ५००।- | |
| २.५ | अन्य सवारी साधनमा राखिने कुनै प्रकारको विज्ञापन प्रतिफिट | ५०।- | |

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| **३** | **अनलाइन विज्ञापन** | २००।- | |
| **४** | **एफ एम विज्ञापन** | | |
| ४.१ | प्राइम टाइम प्रति मिनेट(बिहान ६ बजे देखि बिहान ९ बजेसम्म र साँझ ६ बजेदेखि बेलुका ९ बजेसम्म) | २००।- | |
| ४.२ | सामान्य समय (नर्मल समय) प्रति मिनेट | १००।- | |

## अनुसूची-८
### (दफा ९ को मनोरञ्जन कर सँग सम्वन्धित)

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मेलामा पसल थापे वापत प्रति कोठा प्रति दिन | २००।- | |
| २ | नगर क्षेत्रमा पसल राखे वापत कोठा प्रतिमहिना | २०००।- | |
| ३ | नगर क्षेत्रमा घुम्ती राखे वापत प्रति महिना | १००।- | |

## अनुसूची-९
### (दफा १० को सेवा शुल्क दस्तुर सँग सम्वन्धित)

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| **क** | **सिफारिस** | | |
| **१** | **घरजग्गा नामसारी सिफारिस** | | |
| १.१ | अंशवण्डा प्रयोजन | ३००।- | |
| १.२ | बिक्रि प्रयोजन | ५००।- | |
| **२** | **मोही लगत कट्टा सिफारिस** | ५००।- | |
| **३** | **घर कायम सिफारिस** | ७५०।- | |
| **४** | **जग्गा मूल्याङ्कन सिफारिस** | १०००।- | |
| ५ | जग्गा दर्ता सिफारिस | ५००।- | |
| **६** | **स्वास्थ्य उपचार सिफारिस** | | |
| ६.१ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | ०० | |
| **७** | **नेपाल सरकारको नाममा बाटो कायम सिफारिस** | ५००।- | |
| **८** | **कोठा खोल्न रोहवरमा बस्ने कार्य** | ५००।- | |
| **९** | **अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने** | २००।- | |
| **१०** | **छात्रवृति सिफारिस उच्च शिक्षा** | २००।- | |
| **११** | **विपन्न विद्यार्थी छात्रवृति सिफारिस** | ०० | |
| **१२** | **अपाङ्ग सिफारिस** | ०० | |
| **१३** | **बसोबास** | | |
| १३.१ | अस्थायी र स्थायी बसोवास सिफारिस | २००।- | |
| १३.२ | आन्तरिक बसाईसराई सिफारिस | २००।- | |
| **१४** | **नागरिकता** | | |

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १४.१ | नागरिकताको प्रमाणपत्र सिफारिस | २००।- | |
| १४.२ | नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सिफारिस | ५००।- | |
| १४.३ | अंगिकृत नागरिकताको प्रमाणपत्र सिफारिस | ५०००।- | |
| १४.४ | नावालक परिचयपत्र सिफारिस | १००।- | |
| १४.५ | नागरिकता सर्जीवन मुचुल्का | २००।- | |
| **१५** | **विद्युत जडान सिफारिस** | | |
| १५.१ | नक्सा पास भएका | ३००।- | |
| १५.२ | नक्सा पास नभएका | ५००।- | |
| **१६** | **धारा जडान सिफारिस** | | |
| १६.१ | नक्सा पास भएका | २००।- | |
| १६.२ | नक्सा पास नभएका | ५००।- | |
| **१७** | **व्यक्तिगत सिफारिस** | | |
| १७.१ | जीवित रहेको सिफारिस | ५००।- | |
| १७.२ | जन्म मिति संशोधन सिफारिस | ५००।- | |
| १७.३ | जग्गा धनी पुर्जा हराएको सिफारिस | २००।- | |
| १७.४ | पुर्जामा घर कायम गर्न सिफारिस | ५००।- | |
| **१८** | **व्यवसाय सम्वन्धी** | | |
| १८.१ | व्यवसाय बन्द सिफारिस | १०००।- | |
| १८.२ | व्यवसाय नभएको सिफारिस | १०००।- | |
| १८.३ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०००।- | |
| **१९** | **विद्यालय सम्वन्धी(सामुदायिकर र संस्थागत)** | | |
| १९.१ | कक्षा थप अनुमति कक्षा -१ | ५०००।- | |
| १९.२ | कक्षा थप अनुमति कक्षा -२/३/४/५ | ७०००।- | |
| १९.३ | कक्षा थप अनुमति कक्षा -६ | १००००।- | |
| १९.४ | कक्षा थप अनुमति कक्षा -७/८ | १४०००।- | |
| १९.५ | कक्षा थप अनुमति कक्षा -९ | २००००।- | |
| १९.६ | कक्षा थप अनुमति कक्षा -१० | २५०००।- | |
| १९.७ | कक्षा थप अनुमति कक्षा -११ | ३००००।- | |
| १९.८ | कक्षा थप अनुमति कक्षा -१२ | ४००००।- | |
| १९.९ | नयाँ विद्यालय खोल्ने अनुमति(सामुदायिक सस्थागत) | १००००।- | |
| १९.१० | प्राथमिक(तह थप सामुदायिक र निजी ) | ५०००।- | |
| १९.११ | नि.मा.वि(तह थप सामुदायिक र निजी ) | १००००।- | |
| १९.१२ | मा.वि.(तह थप सामुदायिक र निजी ) | १५०००।- | |
| १९.१३ | उ.मा.वि(तह थप सामुदायिक र निजी ) | २००००।- | |
| १९.१४ | नियूक्ती समर्थन अभिलेख प्रा।वि | १५००।- | |
| १९.१५ | नियूक्ती समर्थन अभिलेख नि.मा.वि | २०००।- | |
| १९.१६ | नियूक्ती समर्थन अभिलेख मा.वि | ३०००।- | |

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १९.१७ | नियूक्ती समर्थन अभिलेख उ.मा.वि | ४०००।- | |
| १९.१८ | परिक्षा पूनर्योग सिफारिस | २००।- | |
| १९.१९ | विद्यालय लेखा परिक्षण शुल्क | १०००।- | |
| १९.२० | व्यक्तिगत विवरण सिफारिस | २००।- | |
| १९.२१ | संरक्षक सिफारिस व्यक्तिगत | २००।- | |
| १९.२२ | संरक्षक सिफारिस संस्थागत | ५००।- | |
| १९.२३ | विद्यालय ठाउँसारी सिफारिस | ५०००।- | |
| १९.२४ | सरुवा सहमति सिफारिस | २००।- | |
| १९.२५ | शिक्षकको तलव प्रमाणित | ५००।- | |
| १९.२६ | कक्षा ८ को प्रमाणपत्र प्रतिलिपि शुल्क शिक्षा मार्फत | ५००।- | |
| १९.२७ | विज्ञापन दस्तुर श्रेणी विहिन | २००।- | |
| १९.२८ | विज्ञापन दस्तुर सहायकस्तर | ५००।- | |
| १९.२९ | विज्ञापन दस्तुर  अधिकृत स्तर | १०००।- | |
| **२०** | **अन्य सिफारिस** | | |
| २०.१ | आर्थिक अवस्था कमजोर सिफारिस | ०० | |
| २०.२ | चौपाया सम्वन्धी निकासी पैठारी प्रति भैसी | २००।- | |
| २०.३ | चौपाया सम्वन्धी निकासी पैठारी प्रति बाख्रा | ५०।- | |
| २०.४ | अदालत शुल्क मिनाहा सिफारिस | १००।- | |
| २०.५ | उद्योग व्यापार ठाउँसारी सिफारिस | १०००।- | |
| २०.६ | पिछडिएको क्षेत्रको सिफारिस | २००।- | |
| २०.७ | खाता सञ्चालन सिफारिस | २००।- | |
| **२१** | **नाता प्रमाणित** | | |
| २१.१ | नेपालीमा | २००।- | |
| २१.२ | अङ्ग्रेजीमा | ५००।- | |
| **२२** | **घरबाटो सिफारिस** | | |
| २२.१ | सडक देखि ५० मिटर भित्र | ५००।- | |
| २२.२ | सडक देखि ५० मिटर भन्दा बाहिर | २००।- | |
| **२३** | **व्यक्तिगत घटना प्रमाणित** | | |
| २३.१ | जन्म, मृत्यू मिति प्रमाणित | १००।- | |
| २३.२ | विवाह प्रमाणित | ३००।- | |
| २३.३ | अविवाहित प्रमाणित | ५००।- | |
| २३.४ | घर पाताल प्रमाणित | २००।- | |
| २३.५ | फरक फरक नामथर प्रमाणित | २००।- | |
| २३.६ | फरक फरक जन्ममिति प्रमाणित | २००।- | |
| २३.७ | मञ्जुरीनामा प्रमाणित र मिलापत्र कागज गराउने | ५००।- | |
| २३.८ | संरक्षक प्रमाणित | १००।- | |
| २३.९ | हकदार प्रमाणित / अंशियार | १५००।- | |

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| २३.१० | जग्गाको रेखाङ्कन दस्तुर प्रति कित्ता | १५००।- | |
| २३.११ | सम्पती प्रमाणित बैदेशिक अध्ययनको लागी | ५०००।- | |
| **२४** | **व्यक्तिगत घटना दर्ता दस्तुर** | | |
| २४.१ | जन्म दर्ता (३५ दिन पछिको) | २००।- | |
| २४.२ | मृत्यू दर्ता (३५ दिन पछिको) | २००।- | |
| २४.३ | विवाह दर्ता (३५ दिन पछिको) | २००।- | |
| २४. ४ | बसाईसराई दर्ता | २००।- | |
| २४.५ | सम्वन्ध विच्छेद दर्ता | २००।- | |
| २४.६ | जन्म मृत्यू विवाह सम्वन्ध विच्छेद र बसाईसराईको नागरिक नक्कल/प्रतिलिपी दस्तुर | २००।- | |
| २४.७ | जन्म मृत्यू विवाह सम्वन्ध विच्छेद र बसाईसराईको नागरिक अभिलेख दर्ता हेरेको दस्तुर | २००।- | |
| २४.८ | अन्य आवश्यकता अनुसारका सिफारिस दस्तुर | २००।- | |
| **२५** | **नयाँ घर नक्सा पास** | | |
| २५.१ | पहिलो तला (५०० देखि २५०० बर्ग फिट सम्मको) | १२ ।- | |
| २५.२ | दोस्रो तला (५०० देखि २५०० बर्ग फिट सम्मको) | ७।- | |
| २५.३ | तेस्रो तला (५०० देखि २५०० बर्ग फिट सम्मको) | ५।- | |
| **२६** | **पक्की घर अभिलेखिकरण दस्तुर (ढलान, आर सी सी)** | | |
| २६.१ | पहिलो तला (५०० देखि २५०० बर्ग फिट सम्मको) | ७ ।- | |
| २६.२ | दोस्रो तला (५०० देखि २५०० बर्ग फिट सम्मको) | ५।- | |
| २६.३ | तेस्रो तला ( ५०० देखि २५०० बर्ग फिट सम्मको) | ५।- | |
| २६.४ | भवन निर्माण प्रमाणपत्र शुल्क | २५०।- | |
| २६.५ | घर नक्सा निरिक्षण तथा सर्जमिन दस्तुर | ५००।- | |
| २६.६ | नक्सापास किताव शुल्क | १०००।- | |
| २६.७ | नामसारी दस्तुर | १००००।- | |
| **२७** | **कच्ची घर अभिलेखिकरण दस्तुर (टिनको छाना,फुसको घर र टहरा )** | | |
| २७.१ | पहिलो तला (प्रति वर्ग फिट) | १।- | |
| २७.२ | दोस्रो तला (प्रति वर्ग फिट) | ०.५।- | |
| २७.३ | तेस्रो तला (प्रति वर्ग फिट) | ०.२५।- | |
| **२८** | **नाप नक्सा दस्तुर** | | |
| २८.१ | वडा नं १० देखी १३ सम्म प्रति कित्ता | ५०६०।- | |
| २८.२ | १० रोपनी भन्दा माथिको जग्गाकोहकमा थप दस्तुर (प्रति रोपनी) | ३००।- | |
| **२९** | **समुह** | | |
| २९.१ | दर्ता शुल्क | १५००।- | |
| २९.२ | नवीकरण शुल्क | १०००।- | |
| २९.३ | प्रतिलिपी शुल्क | ५००।- | |
| **३०** | **संस्था र सहकारी दर्ता** | | |

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| ३०.१ | दर्ता नाफामुखी | ३०००।- | |
| ३०.२ | दर्ता गैरनाफामुखी | १०००।- | |
| ३०.३ | संस्था सूचिकरण शुल्क | १०००।- | |
| ३०.४ | दर्ता प्रतिलिपी शुल्क | ५००।- | |
| **३१** | **सर्जमिन मुचुल्का दस्तुर** | | |
| ३१.१ | बंशजको नागरिकतामा गरिने सर्जमिन मुचुल्का | ५००।- | |
| ३१.२ | नाता प्रमाणित सर्जमिन मुचुल्का | ५००।- | |
| ३१.३ | उद्योग स्थापानाको लागि सर्जमिन मुचुल्का | २०००।- | |
| ३१.४ | अन्य प्रयोजनको लागि सर्जमिन मुचुल्का | ७००।- | |
| **३२** | **आयस्रोत र घरजग्गा मूल्याङ्कन प्रमाणित सिफारिस** | | |
| ३२.१ | रु. १ लाखसम्म | १०००।- | |
| ३२.२ | रु. १० लाखसम्म | २०००।- | |
| ३२.३ | रु. २५ लाखसम्म | ३०००।- | |
| ३२.४ | रु. ५० लाखसम्म | ४०००।- | |
| ३२.५ | रु. १ करोडसम्म | ५०००।- | |
| ३२.६ | रु. १ करोड भन्दा माथि | ८०००।- | |
| **३३** | **स्थानीय पूर्वाधार सम्झौता दस्तुर** | | |
| ३३.१ | रु. १ लाखसम्म | ५००।- | |
| ३३.२ | रु. १ लाख १ रुपैयाँ देखि ३ लाखसम्म | १०००।- | |
| ३३.३ | रु. ३ लाख १ रुपैयाँ देखि ५ लाखसम्म | १५००।- | |
| ३३.४ | रु. ५ लाख १ रुपैयाँ देखि १० लाखसम्म | २०००।- | |
| ३३.५ | रु. १० लाख १ रुपैयाँ देखि २० लाखसम्म | ३०००।- | |
| ३३.६ | रु. २० लाख १ रुपैयाँ देखि ५० लाखसम्म | ५०००।- | |
| ३३.७ | रु. ५० लाख १ रुपैयाँ देखि १ करोडसम्म | १००००।- | |
| ३३.८ | रु. १ करोड १ रुपैयाँ देखि माथि | १५०००।- | |
| **३४** | **'घ' वर्गको इजाजत** | | |
| ३४.१ | इजाजत पत्र दस्तुर | २००००।- | |
| ३४.२ | नामसारी | १००००।- | |
| ३४.३ | नवीकरण | १००००।- | |
| ३४.४ | जरिवाना | १००००।- | |
| ३४.५ | प्रतिलिपी | २०००।- | |
| **३५** | **विद्युतीय उपकरण भाडा दस्तुर** | | |
| ३५.१ | प्रोजेक्टर प्रतिदिन | २५०।- | |
| ३५.२ | साउण्ड सिस्टम प्रतिदिन | २००।- | |
| **३६** | **व्यापारिक फर्म सम्वन्धी (निजि फर्म)** | | |
| ३६.१ | व्यापारिक फर्म दर्ता दस्तुर रु. ५ लाख सम्मको | १०००।- | |
| ३६.२ | व्यापारिक फर्म दर्ता दस्तुर रु. ५ लाख देखि १० लाख सम्मको | ४०००।- | |

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| ३७.३ | व्यापारिक फर्मको शाखा दर्ता दस्तुर रु. ५ लाख सम्मको | ५००।- | |
| ३८.४ | व्यापारिक फर्मको शाखा दर्ता दस्तुर रु.१० लाख सम्मको | २०००।- | |
| **३८** | **व्यापारिक फर्म नवीकरण सम्वन्धी** | | |
| ३८.१ | व्यापारिक फर्म नवीकरण दस्तुर रु. ५लाख सम्मको(३५दिन भित्र) | २००।- | |
| ३८.२ | व्यापारिक फर्म नवीकरण दस्तुर रु. १० लाख सम्मको(३५दिन भित्र) | ८००।- | |
| ३८.३ | व्यापारिक फर्म नवीकरण दस्तुर रु. ५ लाख सम्मको(३ महिना देखी १ बर्ष सम्म) | १०००।- | |
| ३८.४ | व्यापारिक फर्म नवीकरण दस्तुर रु. १० लाख सम्मको(३ महिना देखी १ बर्ष सम्म) | ४०००।- | |
| ३८.५ | प्राइभेट फर्म खारेजी शुल्क | २५००।- | |
| ३८.६ | प्राइभेट फर्म नामसरी / ठाउँसारी शुल्क | २५००।- | |
| ३८.७ | प्राइभेट फर्मको पूंजि बृद्धि दस्तुर | २५००।- | |
| **३९** | **मुहान दर्ता** | | |
| ३९.१ | खानेपानी र घरेलु उद्योग | १०००।- | |
| ३९.२ | सिचाई | २०००।- | |
| ३९.३ | पशुपालन तथा मत्स्यपालन जस्ता कृषि उपयोग | १०००।- | |
| ३९.४ | घरेलु उद्योग, औधोगिक व्यवसाय तथा खानीजन्य उपयोग | २०००।- | |
| ३९.५ | जल यातायात | ५०००।- | |
| ३९.६ | अन्य उपयोग | २०००।- | |
| **४०** | **उपभोक्ता समिति** | | |
| ४०.१ | उपभोक्ता समिति दर्ता | | |
| ४०.२ | कुल लागत रु. ३ लाखसम्मको आयोजना | २००।- | |
| ४०.३ | कुल लागत रु. ३ लाख देखि रु. ८ लाखसम्मको आयोजना | ३००।- | |
| ४०.४ | कुल लागत रु. ८ लाख देखि रु. १५ लाखसम्मको आयोजना | ५००।- | |
| ४०.५ | कुल लागत रु. १५ लाख देखि रु. २५ लाखसम्मको आयोजना | ८००।- | |
| ४०.६ | कुल लागत रु. २५ लाख देखि रु. ४० लाखसम्मको आयोजना | १०००।- | |
| ४०.७ | कुल लागत रु. ४० लाख देखि रु. ६० लाखसम्मको आयोजना | १५००।- | |
| ४०.८ | कुल लागत रु. ६० लाख भन्दा माथि आयोजना | २०००।- | |
| **४१.९** | **उपभोक्ता समिति नवीकरण (प्रतिवर्ष)** | १००।- | |
| **४२** | **जे.सी.वि. भाडा** | | |
| **ख** | **व्याक हो लोडर** | | |
| १ | प्रतिघन्टा इन्धन र भत्ता बाहेक | १५००।- | |
| २ | प्रतिघन्टा इन्धन सहित | २५००।- | |
| ३ | ब्याक्हो लोडर अप्रेटर भत्ता (प्रति घण्टा भाडामा गएको खण्डमा) | १५०।- | |
| ४ | ब्याक्हो लोडरहेल्पर भत्ता (प्रति दिन भाडामा गएको खण्डमा) | ५००।- | |
| **४३** | **एम्बुलेन्स** | | |
| १ | छेडागाड नगरपालिका देखि खलंगा | ५०००।- | |
| २ | छेडागाड नगरपालिका देखि कुदु | ४०००।- | |
| ३ | छेडागाड नगरपालिका देखि मेहलकुना जहरे | ७०००।- | |

| क्र.सं. | विवरण | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| ४ | छेडागाड नगरपालिका देखि सुर्खेत | १००००।- | |
| ५ | छेडागाड नगरपालिका देखि कोहलपुर | १२०००।- | |
| ६ | छेडागाड नगरपालिका देखि नेपालगन्ज | १२५००।- | |
| ७ | छेडागाड नगरपालिका देखि बुटवल | २८०००।- | |
| ८ | छेडागाड नगरपालिका देखि चितवन | ३००००।- | |
| ९ | छेडागाड नगरपालिका देखि पोखरा | ३५०००।- | |
| १० | छेडागाड नगरपालिका देखि काठमाडौ | ३५०००।- | |
| ११ | नगर अस्पताल देखि-१/२/१०/१२/१३ नं.वडा सिमाना भित्र | २०००।- | |
| १२ | नगर अस्पताल देखि-३/४/६/११ नं.वडा सिमाना भित्र | १०००।- | |
| १३ | नगर अस्पताल देखि-५नं.वडा सिमाना भित्र | ५००।- | |
| १४ | नगर अस्पताल देखि-७नं.वडा सिमाना भित्र | ४०००।- | |
| १५ | नगर अस्पताल देखि-८/९नं.वडा सिमाना भित्र | २५००।- | |
| **४४** | **न्यायिक समिति दस्तुर** | | |
| ४४.१ | उजुरी दर्ता दस्तुर | २००।- | |
| ४४.२ | मिलापत्र दस्तुर | २००।- | |
| ४४.३ | न्यायिक निवेदन सक्कल बमोजिम नक्कल प्रतिलिपि दस्तुर | ५००।- | |
| ४४.४ | न्यायिक प्रतिवाद दस्तुर | २००।- | |
| **४५** | **ट्याक्टर** | | |
| ४५.१ | प्रतिदिन इन्धन बाहेक | ४५००।- | |
| ४५.२ | प्रतिदिन इन्धन सहित | ७०००।- | |

**अनुसूची-१०**
**(दफा ११ को स्थानीय पूर्पाधारको कामको दण्ड जरिवानासँग सम्वन्धित) निर्माण व्वसायी तथा उपभोक्ता समिति**

| क्र.सं. | स्थानीय पूर्वाधारको दण्ड जरिवाना शुल्क (लागत अनुमान अनुसार योजनाको समयावधी थप वापत) | कायम दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | १ लाखसम्म | ५००।- | |
| २ | १ लाख १ रुपैयाँ देखि ५ लाखसम्म | २०००।- | |
| ३ | ५ लाख १ रुपैयाँ देखि १० लाखसम्म | ३७५०।- | |
| ४ | १० लाख १ रुपैयाँ देखि २० लाखसम्म | ५०००।- | |
| ५ | २० लाख १ रुपैयाँ देखि ५० लाखसम्म | १००००।- | |
| ६ | ५० लाख १ रुपैयाँ देखि१ करोड सम्म | १५०००।- | |
| ७ | १ करोड १ रुपैया देखि माथि जतिसुकै भएमा | २५०००।- | |

## अनुसूची-११
### (दफा १२ को खानी तथा खनिज शुल्क सँग सम्वन्धित)

| क्र.सं. | विवरण | कायम दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | काइनाइट खानी खोज तलासको सिफारिस | २५००।- | |
| २ | काइनाइट खानी उत्खननको सिफारिस | २००००।- | |
| ३ | काइनाइट निकासी प्रति क्वीन्टल | १०००।- | |
| ४ | ढुङ्गा /ग्रावेल खानीवाट उत्खनन स्वीकृति | ३००००।- | |
| ५ | ढुङ्गा/ग्रावेल खानीबाट ढुङ्गा निकासी प्रति १२ चक्के टिप्पर | २५००।- | |
| ६ | ढुङ्गा/ग्रावेल खानीबाट ढुङ्गा निकासी प्रति १० चक्के टिप्पर | २०००।- | |
| ७ | ढुङ्गा/ग्रावेल खानी बाट ढुङ्गा निकासी प्रति ६ चक्के टिप्पर | १५००।- | |
| ८ | ढुङ्गा/ग्रावेल खानी बाट ढुङ्गा निकासी प्रति ट्र्याक्टर | ५००।- | |
| ९ | वालुवा/मोरङ्ग/गिट्टि खानी वाट निकासी स्विकृती अनुमति | १००००।- | |
| १० | वालुवा/मोरङ्ग/गिट्टि खानी वाट निकासी प्रति ट्र्याक्टर | ६००।- | |
| ११ | वालुवा/मोरङ्ग/गिट्टि खानी वाट निकासी प्रति १२ चक्के टिप्पर | ३६००।- | |
| १२ | वालुवा/मोरङ्ग/गिट्टि खानी वाट निकासी प्रति १० चक्के टिप्पर | ३०००।- | |
| १३ | वालुवा/मोरङ्ग/गिट्टि खानी वाट निकासी प्रति ६ चक्के टिप्पर | २१००।- | |
| १४ | अन्य कुनै साधनबाट निकासी भएमा प्रति घनमिटर | ३००।- | |
| १५ | अस्थायी क्रसर उद्योग सञ्चालन अनुमति | ५००००।- | |
| १६ | क्रसर उद्योग स्थायी संचालन दर्ता अनुमति | ५००००।- | |
| १७ | क्रसर उद्योग नविकरण तथा व्यवसाय कर एकमुष्ट | १५००००।- | |
| १८ | क्रसर उद्योग संचालन प्रमाण पत्र शुल्क | ५००।- | |
| १९ | क्रसर उद्योग संचालन प्रमाण पत्र प्रतिलिपि शुल्क | १०००।- | |
| २० | प्रति स्लेट ढुङ्गा निकासी | १ रुपैयाँ | |
| २१ | जरिवाना (नगरपालिकाको अनुमति विना नदिजन्य प्रदार्थ उत्खनन गरेमा ) | | |

| क्र.सं. | सवारी साधन | पहिलो पटक | दोस्रो पटक | तेस्रो पटक |
|---|---|---|---|---|
| १७.क | ट्र्याक्टर | ५०००।- | १००००।- | २००००।- |
| | टिप्पर | १००००।- | २००००।- | ४००००।- |

## अनुसूची-१२
### (दफा १३ को सामुदायिक बनवाट आय प्राप्त गर्ने सँग सम्वन्धित)

| क्र.सं. | विवरण | कायम दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | वन पैदावार विक्रि वापत कुल रकमको | १० प्रतिशत | |

<u>अनुसूची-१३</u>
**(दफा १४ को पार्किङ्ग शुल्क सँग सम्वन्धित)**

| क्र.सं. | विवरण | पार्किङ्ग शुल्क (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल प्रतिदिन | ३०।- | |
| २ | रिक्सा अटो रिक्सा ई-रिक्सा प्रतिदिन | ५०।- | |
| ३ | कार जीप प्रतिदिन | १००।- | |
| ४ | बस मिनिवस प्रतिदिन | १५०।- | |
| ५ | ट्रक प्रतिदिन | २००।- | |
| ६ | लोडर हेभि इक्वीप्मेन्ट प्रतिदिन | २५०।- | |

छेडागाड नगरपालिकाको नगरसभा कार्यसंचालन नियमावली २०७४ को नियम १४१ उप नियम १ र २ बमोजिम १८ औं नगर सभा (नवौ बजेट अधिवेशन) बैठकवाट पारित भएको छेडागाड नगरपालिकाको आर्थिक ऐन, २०८१ प्रमाणिकरण गर्दछु।

**प्रमाणिकरण गर्नेः**
नामः रत्न बहादुर खड्का
पदः सभाध्यक्ष
मितिः २०८२/०३/१०